नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालित नीति तथा

प्रमुख कार्यक्रमहरूको २०८० पुस मसान्तसम्मको

# प्रगति प्रतिवेदन (सारांश)

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(नतिजा व्यवस्थापन महाशाखा)
सिंहदरबार, काठमाडौं

CamScanner

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# विषयसूची


१. पृष्ठभूमि ........ १

२. कार्यसम्पादन सूचकहरूको प्रगतिस्थिति ........ ३

३. राजस्व असुली र खर्चसम्बन्धी प्रगतिस्थिति ........ ५

३.१ राजस्व असुलीको प्रगतिस्थिति ........ ५

३.२ खर्चसम्बन्धी प्रगतिस्थिति ........ ५

४. क्रियाकलाप तथा माइलस्टोनको प्रगतिस्थिति ........ ६

४.१ समीक्षा अवधिको क्रियाकलाप तथा माइलस्टोनको प्रगति ........ ६

४.२ विगत ३ वर्षको समग्र क्रियाकलाप तथा माइलस्टोनको प्रगतिको तुलना ........ ८

४.२.१ क्रियाकलापको प्रगतिको तुलना ........ ८

४.२.२ माइलस्टोनको प्रगतिको तुलना ........ ९

५. क्षेत्रगत प्रगतिस्थिति ........ १०

५.१ आर्थिक क्षेत्र ........ १०

५.२ पूर्वाधार क्षेत्र ........ १२

५.३ शासकीय सुधार क्षेत्र ........ १५

५.४ सामाजिक क्षेत्र ........ १८

६. मन्त्रालय/निकायगत प्रगतिस्थिति ........ २१

७. मन्त्रालय/निकायबाट सम्पादित केही मुख्य कार्यहरू ........ २१

८. समस्या र कारणहरूको विश्लेषण ........ २९

९. सुझावहरू ........ ३३

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

# १. पृष्ठभूमि

नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम एवम् वार्षिक बजेटद्वारा निर्धारित कार्यक्रम तथा आयोजनाहरूलाई सम्बन्धित मन्त्रालय तथा निकायहरूबाट वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ। मन्त्रालय तथा निकायहरूको कार्ययोजना तयार गर्दा सञ्चालन हुने क्रियाकलाप, उक्त क्रियाकलापसँग सम्बन्धित प्रक्रियागत तथा नतिजासमेतमा आधारित माइलस्टोन तथा सोको कार्यान्वयन पश्चात मन्त्रालय/निकायहरूले आवधिकरूपमा हासिल गर्ने नतिजा सूचकहरूको खाकासमेत निर्धारण गरिएको छ। यसरी सम्पादित क्रियाकलाप तथा माइलस्टोनको प्रगति प्रतिवेदन गर्न एकीकृत अनुगमन प्रणाली कार्यान्वयनमा ल्याइएको र सोही प्रणालीमा प्राप्त विवरणहरूमा आधारित रही आवधिकरूपमा प्रगति प्रतिवेदन तयार गर्ने गरिएको छ।

यस प्रणालीले अनुगमन पद्धतिलाई नतिजामा आधारित बनाई लक्ष्य हासिल गर्न सघाउ पुऱ्याएको छ। साथै, कार्यसम्पादन गर्ने निकायहरूले विभिन्न निकायहरूमा छुट्टाछुट्टै गर्ने गरेको प्रतिवेदनसमेतलाई एकै प्रणालीमार्फत् गर्न अनुगमन गर्ने निकायहरूले प्राप्त गर्ने सूचनामा एकरूपता कायम गर्न तथा यस्ता सूचना तथा प्रतिवेदनहरू सुरक्षित राखी दीर्घकालीन प्रयोगमा ल्याउन समेत सहयोग पुगेको छ। यसका अतिरिक्त कार्यसम्पादनको वस्तुगत जानकारी, कार्यसम्पादनमा देखिएका समस्या र त्यसको समाधानको उपायले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुने अनुगमनको अनुगमन कार्यका साथै निर्णायक तहसम्म निर्णय निर्माणमा सहयोग पुगेको छ।

सम्माननीय राष्ट्रपतिज्यूबाट सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकलाई मिति २०८० साल जेठ ५ गते गर्नु भएको नीति तथा कार्यक्रमको सम्वोधन तथा माननीय अर्थमन्त्रीज्यूबाट सङ्घीय संसदको संयुक्त बैठकमा प्रस्तुत आ.व. २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रमको आधारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत सबै मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, लगानी बोर्डको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक खरिद तथा अनुगमन कार्यालय र चालु आर्थिक वर्षबाट अनुगमनका लागि थप गरिएको राष्ट्रिय तथ्याङ्क कार्यालयसमेत गरी १६०० क्रियाकलाप र ३४२१ माइलस्टोनका साथै २१ मन्त्रालयहरू तथा लगानी बोर्डको कार्यालयसमेतका ३२७ नतिजा सूचकहरूमा कार्ययोजनालाई व्यवस्थित गरी एकीकृत अनलाईन अनुगमन प्रणालीमा प्रविष्टि गरिएको थियो। आयोजना कार्यान्वयनलाई प्रभावकारी गराउन चालु आर्थिक वर्षमा राष्ट्रिय गौरव, रूपान्तरणकारी तथा सघन अनुगमन आवश्यक देखिएका ३१ महत्त्वपूर्ण आयोजनाहरूसमेत छनोट गरी यस प्रणालीमा आवद्ध गरिएको थियो।



CamScanner

घोषित नीतिहरूको कार्यान्वयनका लागि नीतिहरूसँग सम्बन्धित क्रियाकलापहरूलाई आबद्ध गर्ने एवम् समय सारिणीसहितको कार्ययोजना तयार गरी लागु गर्ने क्रममा आ.व. २०८०/८१ को वार्षिक कार्यान्वयन कार्ययोजना तयार गर्दा विभिन्न चरणमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालय तथा निकायको उपस्थितिमा आवश्यक छलफल गरी अन्तिम रूप प्रदान गरिएको थियो। यस क्रममा मन्त्रालय तथा निकायगत रूपमा तयार गरिएको वार्षिक बजेट कार्यान्वयन कार्ययोजनालाई आवधिक योजना, मध्यमकालीन खर्च संरचनासँगको तादात्म्यको विश्लेषण गरी एक आपसमा आबद्ध गर्ने प्रयास गरिएको थियो भने कार्ययोजना तर्जुमाका क्रममा यस कार्यालयबाट मन्त्रालयहरूलाई पठाइएको कार्ययोजना तर्जुमा मार्गदर्शन तथा अर्थ मन्त्रालयबाट जारी भएको बजेट कार्यान्वयन मार्गदर्शनलाई समेत प्रमुख आधारका रूपमा लिइएको थियो। उक्त मार्गदर्शनमा व्यवस्था भएबमोजिम मन्त्रालय तथा निकायहरूले कानुनी तयारीका रूपमा गर्नुपर्ने कार्यहरू नयाँ कार्यविधि, निर्देशिका तर्जुमा, विद्यमान कानुन संशोधन, आयोजना तथा क्रियाकलापहरू सञ्चालनको लागि बोलपत्र सूचना प्रकाशन, बोलपत्रको सम्झौताजस्ता माइलस्टोनहरूको समय साधारणतः प्रथम त्रैमासिक अवधि निर्धारण गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने गरी कार्यान्वयन कार्ययोजनालाई अन्तिम रूप प्रदान गरिएको थियो।

नेपाल सरकारको नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका र बजेट वक्तव्यमा उल्लेख भएका विभिन्न मन्त्रालय अन्तर्गतका वार्षिक योजना तथा कार्यक्रमहरू निर्धारित समय, लागत र गुणस्तर अनुरूप सम्पन्न गरी अपेक्षित नतिजा हासिल गर्न सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय मन्त्रीज्यूहरूबीच मिति २०८०/०४/२५ मा कार्य सम्पादन सम्झौतासमेत भएको थियो।

यस प्रतिवेदनमा मन्त्रालय/निकायहरूको क्रियाकलाप तथा माइलस्टोनको क्षेत्रगत प्रगतिस्थिति एवम् चालु आर्थिक वर्षको पौष महिनासम्ममा बजेट खर्चको स्थिति समेटिएको छ। प्रतिवेदनमा प्रस्तुत तथ्याङ्क एवम् विवरणहरू विषयगत मन्त्रालय/निकायहरूबाट एकीकृत अनलाईन प्रणालीमा प्रविष्ट गरिएका विवरणहरू र महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणमा आधारित छन्।

यस एकीकृत अनुगमन (अनलाइन) प्रणालीको स्तरोन्नति प्रक्रिया चल्दै गरेको हुँदा प्राविधिक कारणले छनौटमा परेका आयोजनाहरूको प्रगति विवरण समेट्न नसकिएकोले आयोजनाहरूको विवरण समावेश गरिएको छैन।

## २. कार्यसम्पादन सूचकहरूको प्रगतिस्थिति

मन्त्रालय/निकायगतरूपमा निर्धारण गरिएका वार्षिक कार्यसम्पादन सूचकहरूमध्ये केही मुख्य कार्यसम्पादन सूचकहरूको २०८० पुस महिनासम्मको प्रगतिस्थिति देहाय बमोजिम रहेको छ।

तालिका -१

प्रमुख कार्यसम्पादन सूचकको प्रगतिस्थिति

| क्र.सं. | सूचक | इकाइ | २०८० असारको स्थिति | २०८०/८१ को लक्ष्य | श्रावणदेखि पुससम्मको प्रगति | हालसम्मको एकीकृत उपलब्धि | निकाय |
|---|---|---|---|---|---|---|---|
| १ | औसत मुद्रास्फिति | प्रतिशत | ७.७ | ६.५ | ४.९५ | | अर्थ |
| २ | चालुखाता सन्तुलन | रु अर्ब | -६९.४ | -६५ | १४०.२३ | | अर्थ |
| ३ | विदेशी विनिमय सञ्चिती | रु अर्ब | १४८०.८७ | १२०० | १७६७.०४ | | अर्थ |
| ४ | बिमाको पहुँच बिस्तार | प्रतिशत | ३९.० | ४४.२ | ४२.० | | अर्थ |
| ५ | पूँजी बजारमा पहुँच (डिम्याट खाता) | संख्या(लाख) | ५७.६ | ५९.० | २.१ | ५९.७ | अर्थ |
| ६ | ठूला उद्योग दर्ता | संख्या | ६६ | ८० | २७ | | उद्योग |
| ७ | तोकिएको दुर्गम जिल्लामा खाद्यान्न ढुवानी | मे.टन (हजारमा) | ३०.० | २०.० | ७.४ | | उद्योग |
| ८ | विद्युत उत्पादन क्षमता | मे.वा. | २,७६७ | ३,९०० | १७३.४ | २,९४०.४ | ऊर्जा |
| ९ | प्रसारण लाइन निर्माण (६६ के.भि. भन्दा बढी) | स.कि.मि. | ५,४८४ | ६,१८३ | ३९७ | ५,८८१ | ऊर्जा |
| १० | रासायनिक मल आपूर्ति | मे.टन (हजारमा) | ३८५.० | ५२०.० | २२०.० | | कृषि |
| ११ | Wash Plan लागु भएका स्थानीय तह | संख्या | १०० | २३० | २० | १२० | खानेपानी |
| १२ | एकीकृत राष्ट्रिय परिचयपत्र विवरण सङ्कलन | संख्या(लाख) | १३१.५ | १५७.५ | १२.५ | १४४.० | गृह |
| १३ | विद्युतीय राहदानी वितरण | संख्या (हजारमा) | १,९४२.० | २,७४२.० | ७२५.१ | २,६६७.१ | परराष्ट्र |
| १४ | COPOMIS प्रणाली सञ्चालन भएका सहकारी | संख्या (हजारमा) | १५.८ | १८.० | १.९ | १७.८ | भूमि |
| १५ | सेवाग्राहीले नजिकको भूसेवा केन्द्रबाट जग्गासम्बन्धी कारोबार गर्न सक्ने किसिमको प्रविधिको जडान | कार्यालय | ८९ | १२६ | ८ | ९७ | भूमि |
| १६ | कालो पत्रे सडक (दुई लेन) | कि.मी. | १७,६९२ | १८,४९२ | ९३ | १७,७८५ | भौतिक |
| १७ | कालोपत्रे सडक (चार लेन) | कि.मी. | १४४.७ | २९४.७ | २४.० | १६८.७ | भौतिक |
| १८ | पुल निर्माण | वटा | ३,१९१ | ३,३४१ | ३४ | ३,२२५ | भौतिक |
| १९ | रेल मार्ग (ट्रयाकवेड निर्माण) | कि.मी. | १२१ | १२७ | ३ | १२४ | भौतिक |
| २० | नागढुङ्गा सुरुङ निर्माण (मेन टनेल र ईभ्याकुएसन टनेल) | कि.मी. | ४.९३ | ५.५० | ०.५१ | ५.४४ | भौतिक |
| २१ | सवारी चालक अनुमति पत्र (स्मार्ट कार्ड) वितरण | संख्या (लाखमा) | ३४.१९ | ४६.१९ | ०.३७ | ३४.५६ | भौतिक |
| २२ | दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाईउद्धार | जना | ५५२ | ७०२ | ७८ | ६३० | महिला |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | सूचक | इकाइ | २०८० असारको स्थिति | २०८०/८१ को लक्ष्य | श्रावणदेखि पुससम्मको प्रगति | हालसम्मको एकीकृत उपलब्धि | निकाय |
|---|---|---|---|---|---|---|---|
| २३ | मूलपानीको क्रिकेट रङ्गशाला निर्माण | प्रतिशत | ३५.० | ४५.० | २.८ | ३७.८ | युवा |
| २४ | काठमाण्डौं तराई/मधेश द्रुतमार्ग सडक आयोजना समष्टिगत भौतिक प्रगति | प्रतिशत | २५.५ | ३४.७ | ४.१ | २९.६ | रक्षा |
| २५ | वन क्षेत्रबाट राजस्व सङ्कलन | रु अर्ब | ४.७८ | ६.०० | २.७७ | | वन |
| २६ | काठ उत्पादन | क्यू.फि. (लाखमा) | ३१८.० | ३००.० | १३७.० | | वन |
| २७ | उत्पादित काठ बिक्री | क्यू.फि. (लाखमा) | | २५० | १३८.७ | | वन |
| २८ | औपचारिक क्षेत्रका योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत श्रमिक | संख्या (हजारमा) | ४२४ | ५०० | ४८.१ | ४७२.१ | श्रम |
| २९ | योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध वैदेशिक रोजगारमा रहेका श्रमिक | संख्या (हजारमा) | २२६ | ४९७ | ३५३.१ | ५७९.१ | श्रम |
| ३० | स्वरोजगार क्षेत्रका योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत श्रमिक | संख्या | | १,००० | १६० | १६० | श्रम |
| ३१ | पर्यटक आगमन | संख्या(लाख) | ८.२ | १०.० | ५.९ | | संस्कृति |
| ३२ | पोखरा विमानस्थलबाट भएको अन्तर्राष्ट्रिय उडान संख्या | संख्या | २ | ५० | ९ | | संस्कृति |
| ३३ | भैरहवा विमानस्थलबाट भएको अन्तर्राष्ट्रिय उडान संख्या | संख्या | ३१६ | ३५० | १९२ | | संस्कृति |
| ३४ | अप्टिकल फाइवर बिस्तार | कि.मी. | १२,२३८ | १४,७३८ | १,८०५ | १४,०४३ | सञ्चार |
| ३५ | मोबाइल ब्रोडव्याण्ड सेवा बिस्तार | प्रतिशत | ९३.० | ९५.० | ३.२ | ९६.२ | सञ्चार |
| ३६ | शहरी सडक स्तरोन्नति/ निर्माण | कि.मी. | ३,४०५ | ३,७०० | ३० | ३,४३५ | सहरी |
| ३७ | झोलुङ्गे पुल निर्माण | संख्या | १०,५०८ | १०,९६७ | १५८ | १०,६६६ | सहरी |
| ३८ | रू. ५ हजार प्रदान गरिएका मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर भएका व्यक्तिहरू र मेरूदण्ड पक्षघात भएका विरामी संख्या | जना(हजार) | ४० | ४५ | २४ | | स्वास्थ्य |
| ३९ | निःशुल्क डायलासिस सेवा पाएका संख्या | जना(हजार) | ६ | ६ | १२.३ | | स्वास्थ्य |
| ४० | दक्ष स्वास्थ्यकर्मीद्वारा प्रसुती सेवा प्राप्त गर्ने | प्रतिशत | ७२ | ८० | ३६ | | स्वास्थ्य |
| ४१ | तोकिए बमोजिम सबै खोप प्राप्त बालबालिका | प्रतिशत | ७० | ९५ | ३५ | | स्वास्थ्य |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

*सूचकको प्रगति प्रविष्ट अवधिसम्म नेपाल राष्ट्र बैंकबाट आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन प्रकाशित नभइसकेको हुँदा आर्थिक सूचकको तथ्याङ्क अघिल्लो महिनाको रहेको छ।*

# ३. राजस्व असुली र खर्चसम्बन्धी प्रगतिस्थिति

## ३.१ राजस्व असुलीको प्रगतिस्थिति

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०८० पुस मसान्तसम्म कर राजस्वतर्फ लक्ष्यको ३४.०% र गैरकर राजस्वतर्फ लक्ष्यको ४५.२% गरी लक्ष्यको कुल ३४.९% राजस्व असुली भएको छ। २०७९ पुसमा कर राजस्व ३१.३% र गैरकर राजस्व ४९.८% गरी लक्ष्यको कुल ३२.७% राजस्व असुली भएको थियो भने २०७८ पुसमा कर राजस्व ४६.३% र गैरकर राजस्व ४२.७% गरी लक्ष्यको कुल ४५.९% राजस्व असुली भएको थियो। राजस्व असुलीको तुलनात्मक विवरण लेखाचित्र-१ मा प्रस्तुत गरिएको छः-

लेखाचित्र-१

राजस्व असुलीको तुलनात्मक विवरण




(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

## ३.२ खर्चसम्बन्धी प्रगतिस्थिति

महालेखा नियन्त्रक कार्यालयवाट प्राप्त विवरणअनुसार नेपाल सरकारद्वारा विनियोजित कुल बजेटमध्ये चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा ३२.४% खर्च भएको छ। यसमध्ये चालुतर्फ ३८.३%, पूँजीगततर्फ १६.३% तथा वित्तीय व्यवस्थापनतर्फ २६.०% खर्च भएको छ। २०७९ पुसमा चालुतर्फ ३८.५%, पूँजीगततर्फ १४.१% तथा वित्तीय व्यवस्थापनतर्फ २९.४% गरी कुल ३२.१% खर्च भएको थियो। त्यसैगरी, २०७८ पुसमा चालुतर्फ ३८.२%, पूँजीगततर्फ १३.४% तथा वित्तीय व्यवस्थापनतर्फ २६.१% गरी कुल ३१.०% खर्च भएको थियो। २०८० पुस महिनाको खर्चसम्वन्धी विवरण तालिका-२ मा र खर्चसम्बन्धी तुलनात्मक विवरण लेखाचित्र-२ मा राखिएको छ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

तालिका-२

२०८० पुस महिनासम्मको कुल खर्च विवरण

रु. अर्बमा

| विषय | चालु | पूँजीगत | वित्तीय | कुल |
|---|---|---|---|---|
| कुल बजेट | ११४१.७८४१ | ३०२.०७४४ | ३०७.४५३६ | १७५१.३१२१ |
| २०८० पुससम्मको खर्च | ४३७.३८१२ | ४९.२३५८ | ८०.००४३ | ५६६.६२१३ |
| खर्च प्रतिशत | ३८.३ | १६.३ | २६.० | ३२.४ |

(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

लेखाचित्र-२

कुल खर्चको तुलनात्मक विवरण




(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

# ४. क्रियाकलाप तथा माइलस्टोनको प्रगतिस्थिति

## ४.१ समीक्षा अवधिको क्रियाकलाप तथा माइलस्टोनको प्रगति

आ.व. २०८०/०८१ का लागि विभिन्न २७ निकायहरूको कार्ययोजनामा समावेश भएका कुल १६०० क्रियाकलाप तथा ३४२१ माइलस्टोनमध्ये २०८० पुस मसान्तसम्ममा ८.५% क्रियाकलाप र १६.९% माइलस्टोन सम्पन्न भएका छन्। पुस मसान्तसम्म सम्पन्न हुनुपर्ने गरी निर्धारित १६१० माइलस्टोनहरूमध्ये ३५.५% माइलस्टोन यस अवधिमा सम्पन्न भएका, ५०.६% माइलस्टोन चालु अवस्थामा रहेका र १३.९% माइलस्टोन सुरु हुन सकेका छैनन्। त्यसैगरी, पुस महिनासम्ममा प्रारम्भ भई क्रमशः निश्चित लक्ष्य हासिल गर्दै पछाडिको महिनामा सम्पन्न हुने भनी निर्धारण गरिएका ९४४ माइलस्टोनहरूमध्ये ०.४% सम्पन्न भएका, ९०.६% सुरु भएका र ९% सुरु हुन सकेका छैनन्। पुस मसान्तसम्म सुरु वा सम्पन्न हुनुपर्ने माइलस्टोनमध्ये १२.१% सुरु नै हुन सकेका छैनन्। २०८० पुसमा पूर्वाधार क्षेत्रको २ र शासकीय सुधार क्षेत्रको २ गरी जम्मा ४ वटा माइलस्टोन

लक्षित समय अगावै सम्पन्न भएको देखिएको छ। क्रियाकलाप र माइलस्टोनको कार्यान्वयनको प्रगतिस्थितिलाई क्रमशः तालिका-३ र तालिका-४ मा प्रस्तुत गरिएको छः-

तालिका -३

क्रियाकलापहरूको प्रगतिस्थिति

| क्षेत्र | २०८० पुस महिनासम्म | | | |
|---|---|---|---|---|
| | क्रियाकलाप संख्या | सम्पन्न भएका | चालु | सुरु नभएका |
| आर्थिक | ४१५ | ३५ | २९९ | ८१ |
| पूर्वाधार | ५०० | १२ | ४२५ | ६३ |
| शासकीय सुधार | ३९२ | ४२ | २७० | ८० |
| सामाजिक | २९३ | ४७ | १९८ | ४८ |
| कुल | १६०० | १३६ | ११९२ | २७२ |
| | प्रतिशत | ८.५ | ७४.५ | १७.० |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

तालिका -४

माइलस्टोनहरूको प्रगतिस्थिति

| क्षेत्र | कुल संख्या | २०८० पुससम्म | | | | | | | | सुरु वा सम्पन्न हुनुपर्नेमध्ये सुरु नभएका (कुल) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सम्पन्न हुनुपर्ने | सम्पन्न भएका | सम्पन्न हुनुपर्नेमध्ये | | सुरु हुनुपर्ने (पछाडिको महिनामा सम्पन्न हुने) | सुरु हुनुपर्ने (पछाडिको महिनामा सम्पन्न हुने) मध्ये | | | |
| | | | | चालु | सुरु नभएका | | सम्पन्न | सुरु भएका | सुरु नभएका | |
| आर्थिक | ७९७ | ३७७ | १३३ | २१८ | २६ | १७६ | ० | १७४ | २ | २८ |
| पूर्वाधार | १३४८ | ५४१ | १०६ | ३१५ | १२० | ५२२ | २ | ४६५ | ५५ | १७५ |
| शासकीय सुधार | ६५४ | ३१८ | १५१ | १३३ | ३४ | १६१ | २ | १३४ | २५ | ५९ |
| सामाजिक | ६२२ | ३७४ | १८२ | १४९ | ४३ | ८५ | ० | ८२ | ३ | ४६ |
| कुल | ३४२१ | १६१० | ५७२ | ८१५ | २२३ | ९४४ | ४ | ८५५ | ८५ | ३०८ |
| | प्रतिशत | | ३५.५ | ५०.६ | १३.९ | | ०.४ | ९०.६ | ९.० | १२.१ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

मन्त्रालय तथा निकायहरूको समग्र क्रियाकलाप र पुससम्म सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति लेखाचित्र-३ मा र पुसभित्र सुरु भई पछाडिको महिनामा सम्पन्न हुनुपर्नेमध्ये सुरु भएका वा सुरु हुन नसकेका माइलस्टोनहरूको स्थिति लेखाचित्र-४ मा प्रस्तुत गरिएको छः-

लेखाचित्र-३

क्रियाकलाप तथा माइलस्टोनहरूको प्रगतिस्थिति




** लक्षित समय अगावै थप ४ वटा माइलस्टोन सम्पन्न भएको*

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

लेखाचित्र-४

पुसभित्र सुरु भई तोकिएको लक्ष्य हासिल गर्न पछाडिको महिनामा सम्पन्न हुनुपर्नेमध्ये सुरु भएका र सुरु हुन नसकेका माइलस्टोनहरूको स्थिति




(स्रोतः एकीकृत अनुगमन प्रणाली)

## ४.२ विगत ३ वर्षको समग्र क्रियाकलाप तथा माइलस्टोनको प्रगतिको तुलना

### ४.२.१ क्रियाकलापको प्रगतिको तुलना

पछिल्लो तीन वर्षको प्रथम अर्धवार्षिक अवधिको क्रियाकलाप तथा माइलस्टोनको प्रगति अवस्थाको तुलनात्मक विश्लेषण गर्दा क्रियाकलापको सम्पन्न प्रतिशत घट्दो क्रममा रहेको र चालु अवस्था (सुरु भई निश्चित लक्ष्य हासिल गरेका तर सम्पन्न हुन नसकेका) मा रहेका क्रियाकलापको प्रतिशत बढ्दो क्रममा रहेको देखिएको छ। सुरु नै नभएका क्रियाकलापको अवस्था भने घट्दो क्रममा रहेको देखिएको। क्रियाकलापको प्रगतिको तुलनात्मक स्थिति लेखाचित्र-५ मा प्रस्तुत गरिएको छः-

लेखाचित्र-५

क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण




(स्रोतः एकीकृत अनुगमन प्रणाली)

## ४.२.२ माइलस्टोनको प्रगतिको तुलना

पछिल्लो तीन वर्षको यही अवधिको माइलस्टोनको प्रगति अवस्थाको तुलना गर्दा माइलस्टोनको सम्पन्न प्रतिशत बढ्दो क्रममा रहेको छ। चालु अवस्था (सुरु भई निश्चित लक्ष्य हासिल गरेका तर सम्पन्न हुन नसकेका) माइलस्टोन प्रतिशत र कार्य सुरु हुन नसकेका माइलस्टोनको प्रतिशत घट्दो क्रममा रहेको देखिएको छ। माइलस्टोनको तुलनात्मक प्रगति विश्लेषणमा यस अवधिमा सम्पन्न हुनुपर्नेमध्ये सम्पन्न भएका र पछाडिको महिनामा सम्पन्न हुनुपर्नेमध्ये छिटो सम्पन्न भएका ४ वटा माइलस्टोनसमेत समावेश गरिएको छ। माइलस्टोनको प्रगतिको तुलनात्मक स्थिति लेखाचित्र-६ मा प्रस्तुत गरिएको छः-

लेखाचित्र-६

माइलस्टोनको तुलनात्मक विवरण




(स्रोतः एकीकृत अनुगमन प्रणाली)

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सिंहदरबार, काठमाडौं

# ५. क्षेत्रगत प्रगतिस्थिति

## ५.१ आर्थिक क्षेत्र

आर्थिक क्षेत्र अन्तर्गत अर्थ; कृषि तथा पशुपन्छी विकास; उद्योग, वाणिज्य तथा आपूर्ति; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन; वन तथा वातावरण; भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय र लगानी बोर्डको कार्यालयलाई समावेश गरी विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालय तथा निकायहरूको क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय वमोजिम रूपमा प्रस्तुत गरिएको छः

### ५.१.१ आर्थिक क्षेत्रका क्रियाकलापको प्रगतिस्थिति

२०८० पुस मसान्तसम्म यस क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूका क्रियाकलापहरूको प्रगतिस्थिति हेर्दा ८.४% सम्पन्न भएको, ७२.०% चालु अवस्थामा रहेको र १९.५% कार्य सुरु नभएको देखिएको छ। क्रियाकलापहरू सम्पादनको तुलनात्मक स्थिति हेर्दा लगानी वोर्डको कार्यालयको सवैभन्दा वढी १७.६% क्रियाकलापहरू सम्पन्न भएको देखिएको छ। समग्र आर्थिक क्षेत्रको क्रियाकलापहरूको सम्पादनसम्वन्धी विस्तृत विवरण तालिका-५ मा उल्लेख गरिएको छ।

तालिका-५

आर्थिक क्षेत्रका क्रियाकलापको प्रगतिस्थिति

| क्र.स. | मन्त्रालय/निकाय | कुल क्रियाकलाप | सम्पन्न | | चालु | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | अर्थ | ११३ | १७ | १५.० | ६७ | ५९.३ | २९ | २५.७ |
| २ | कृषि | ४८ | १ | २.१ | ४० | ८३.३ | ७ | १४.६ |
| ३ | उद्योग | ८६ | १० | ११.६ | ५० | ५८.१ | २६ | ३०.२ |
| ४ | संस्कृति | ५७ | ० | ०.० | ५१ | ८९.५ | ६ | १०.५ |
| ५ | वन | ५१ | ३ | ५.९ | ४८ | ९४.१ | ० | ०.० |
| ६ | भूमि | ४३ | १ | २.३ | ३७ | ८६.० | ५ | ११.६ |
| ७ | लगानी बोर्ड | १७ | ३ | १७.६ | ६ | ३५.३ | ८ | ४७.१ |
| कुल | | ४१५ | ३५ | ८.४ | २९९ | ७२.० | ८१ | १९.५ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

### ५.१.२ आर्थिक क्षेत्रका क्रियाकलापको प्रगतिको तुलना

यस क्षेत्रसँग सम्वन्धित मन्त्रालय/निकायहरूका क्रियाकलापको पछिल्लो तीन वर्षको प्रथम अर्धवार्षिक अवधिको प्रगतिस्थितिलाई तुलना गर्दा सम्पन्न प्रतिशत घट्दो क्रममा रहेको देखिन्छ। २०७८ पुसमा ११.३% रहेको सम्पन्न प्रतिशत २०७९ पुसमा ८.८% र २०८० पुसमा ८.४% रहेको छ। त्यसैगरी, चालु अवस्थामा रहेका क्रियाकलापको प्रतिशत वढ्दो क्रममा रहेको देखिन्छ। समग्र आर्थिक क्षेत्रको क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण लेखाचित्र-७ मा उल्लेख गरिएको छ।

लेखाचित्र -७

आर्थिक क्षेत्रका क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण




(स्रोतः एकीकृत अनुगमन प्रणाली)

## ५.१.३ आर्थिक क्षेत्रका माइलस्टोनको प्रगतिस्थिति

आर्थिक क्षेत्रका ७ निकायहरूको समग्र स्थिति हेर्दा पुस मसान्तसम्म सम्पन्न हुनुपर्ने ३७७ माइलस्टोनमध्ये ३५.३% माइलस्टोन मात्र सम्पन्न भएका, ५७.८% चालु अवस्थामा रहेका र ६.९% माइलस्टोन सुरु हुन सकेका छैनन्। पुस महिनामा सम्पन्न हुनुपर्ने माइलस्टोनको सम्पन्न स्थितिलाई तुलनात्मक रूपमा हेर्दा लगानी बोर्डको कार्यालयको सबैभन्दा बढी ८५.७% सम्पन्न भएको देखिएको छ भने संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सबैभन्दा कम १४.३% माइलस्टोन सम्पन्न भएको देखिएको छ। पुसभित्र सुरु वा सम्पन्न हुनुपर्ने जम्मा ५५३ माइलस्टोनहरूमध्ये ५.०% सुरु नभएको देखिएको छ। आर्थिक क्षेत्रका माइलस्टोनहरूको प्रगतिस्थिति तालिका-६ मा प्रस्तुत गरिएको छः-

तालिका-६

आर्थिक क्षेत्रका निकायहरूको माइलस्टोनको २०८० पुस मसान्तसम्मको प्रगतिस्थिति

| क्र.सं. | मन्त्रालय/निकाय | माइल स्टोन संख्या | पुससम्म सम्पन्न हुनुपर्ने | पुससम्म सम्पन्न हुनुपर्नेमध्ये | | | | | | पुस भित्र सुरु हुनुपर्ने | पुससम्म सुरु हुनुपर्ने(पछाडिको महिनामा सम्पन्न हुने) मध्ये | | | | पुसभित्र सुरु वा सम्पन्न हुनुपर्ने मध्ये सुरु नभएको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्पन्न | | चालु | | सुरु नभएको | | | सुरु भएको | | सुरु नभएको | | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | अर्थ | १७५ | ९१ | ३३ | ३६.३ | ५१ | ५६.० | ७ | ७.७ | २५ | २४ | ९६.० | १ | ४.० | ६.९ |
| २ | कृषि | ११७ | ५५ | १५ | २७.३ | २८ | ५०.९ | १२ | २१.८ | ४१ | ४० | ९७.६ | १ | २.४ | १३.५ |
| ३ | उद्योग | १३८ | ७४ | ३३ | ४४.६ | ३९ | ५२.७ | २ | २.७ | १४ | १४ | १००.० | ० | ०.० | २.३ |
| ४ | संस्कृति | १३६ | ७० | १० | १४.३ | ५८ | ८२.९ | २ | २.९ | २४ | २४ | १००.० | ० | ०.० | २.१ |
| ५ | वन | ९९ | ३७ | १५ | ४०.५ | २२ | ५९.५ | ० | ०.० | ३६ | ३६ | १००.० | ० | ०.० | ०.० |
| ६ | भूमि | ११० | ४३ | २१ | ४८.८ | १९ | ४४.२ | ३ | ७.० | ३२ | ३२ | १००.० | ० | ०.० | ४.० |
| ७ | ल. बोर्ड | २२ | ७ | ६ | ८५.७ | १ | १४.३ | ० | ०.० | ४ | ४ | १००.० | ० | ०.० | ०.० |
| कुल | | ७९७ | ३७७ | १३३ | ३५.३ | २१८ | ५७.८ | २६ | ६.९ | १७६ | १७४ | ९८.९ | २ | १.१ | ५.१ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

### ५.१.४ आर्थिक क्षेत्रका माइलस्टोनको प्रगतिको तुलना

आर्थिक क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूका माइलस्टोनको पछिल्लो तीन वर्षको प्रथम अर्धवार्षिक अवधिको प्रगतिस्थितिलाई तुलना गर्दा माइलस्टोनको सम्पन्न प्रतिशत उल्लेख्य रूपमा बढेको, चालु अवस्थामा रहेका माइलस्टोन २०७९ पुसको भन्दा कम रहेको र कार्य सुरु नभएका माइलस्टोन प्रतिशत उल्लेख्य रूपमा घटेको देखिएको छ। माइलस्टोनको प्रगतिको तुलनात्मक विवरण लेखाचित्र-८ मा प्रस्तुत गरिएको छः-

लेखाचित्र -८

आर्थिक क्षेत्रका माइलस्टोनको प्रगतिको तुलनात्मक विवरण




(स्रोतः एकीकृत अनुगमन प्रणाली)

## ५.२ पूर्वाधार क्षेत्र

पूर्वाधार क्षेत्र अन्तर्गत भौतिक पूर्वाधार तथा यातायात; ऊर्जा, जलस्रोत तथा सिँचाइ; शहरी विकास; खानेपानी र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालयहरूको क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

### ५.२.१ पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगतिस्थिति

यस पूर्वाधार क्षेत्र अन्तर्गतका समग्र क्रियाकलापको अवस्था हेर्दा कुल ५०० क्रियाकलापहरूमध्ये २.४% सम्पन्न, ८५.०% चालु र १२.६% सुरु नभएको अवस्था देखिन्छ। क्रियाकलापहरूको सम्पादनको तुलनात्मक स्थिति हेर्दा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको सबैभन्दा बढी ५.३% क्रियाकलाप सम्पन्न भएको, सहरी विकास मन्त्रालयको सबैभन्दा बढी ८९.८% क्रियाकलाप चालु अवस्थामा रहेको र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको ३०.०% क्रियाकलाप हालसम्म सुरु हुन नसकेको देखिएको छ। यस क्षेत्रका क्रियाकलापको प्रगतिस्थिति तालिका-७ मा प्रस्तुत गरिएको छ।

तालिका-७

पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगतिस्थिति

| क.स. | मन्त्रालय | कुल क्रियाकलाप | सम्पन्न | | चालु | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | भौतिक पूर्वाधार तथा यातायात | ६० | १ | १.७ | ४१ | ६८.३ | १८ | ३०.० |
| २ | ऊर्जा, जलस्रोत तथा सिँचाइ | ११३ | ६ | ५.३ | ९९ | ८७.६ | ८ | ७.१ |
| ३ | सहरी विकास | २४४ | ४ | १.६ | २१९ | ८९.८ | २१ | ८.६ |
| ४ | खानेपानी | ४१ | १ | २.४ | ३३ | ८०.५ | ७ | १७.१ |
| ५ | सञ्चार तथा सूचना प्रविधि | ४२ | ० | ०.० | ३३ | ७८.६ | ९ | २१.४ |
| कुल | | ५०० | १२ | २.४ | ४२५ | ८५.० | ६३ | १२.६ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

### ५.२.२ पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगतिको तुलना

यस क्षेत्रसँग सम्वन्धित मन्त्रालय/निकायहरूका क्रियाकलापहरूको पछिल्लो तीन वर्षको प्रथम अर्धवार्षिक अवधिको क्रियाकलापको प्रगतिस्थितिलाई तुलना गर्दा सम्पन्न र कार्य सुरु नभएका क्रियाकलापको प्रतिशत घटेको र चालु अवस्थामा रहेका क्रियाकलापको प्रतिशत वढ्दो क्रममा रहेको देखिन्छ। क्रियाकलापहरूको तुलनात्मक विवरण लेखाचित्र-९ मा उल्लेख गरिएको छ।

लेखाचित्र -९

पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण




(स्रोतः एकीकृत अनुगमन प्रणाली)

### ५.२.३ पूर्वाधार क्षेत्रका माइलस्टोनको प्रगतिस्थिति

यस समूहभित्र रहेका मन्त्रालयहरूको निर्धारित १३४८ माइलस्टोनहरूमध्ये पुस महिनामा सम्पन्न हुनु पर्ने ५४१ माइलस्टोन रहेका छन्। पूर्वाधार क्षेत्रको समग्र प्रगति अवस्था हेर्दा पुस मसान्तसम्म

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

सम्पन्न हुनुपर्ने माइलस्टोनमध्ये १९.६% सम्पन्न, ५८.२% चालु र २२.२% सुरु हुन नसकेको देखिएको छ। पुस मसान्तसम्म सम्पन्न हुनुपर्ने माइलस्टोनमध्ये ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको सर्वैभन्दा वढी ५५.३% माइलस्टोन सम्पन्न भएका छन्। त्यस्तै पुस मसान्तसम्म सुरु हुनुपर्ने ५२२ माइलस्टोनमध्ये ८९.१% सुरु भएका छन्। पुसभित्र सुरु वा सम्पन्न हुनुपर्ने जम्मा १०६३ माइलस्टोनहरूमध्ये १६.५% सुरु नभएको देखिएको छ। पूर्वाधार क्षेत्रका माइलस्टोनहरूको समग्र प्रगति तालिका-८ मा प्रस्तुत गरिएको छ।

तालिका-८

पूर्वाधार क्षेत्रका माइलस्टोनहरूको २०८० पुस मसान्तसम्मको प्रगतिस्थिति

| क्र.सं. | मन्त्रालय/ निकाय | माइल स्टोन संख्या | पुससम्म सम्पन्न हुनुपर्ने | पुससम्म सम्पन्न हुनुपर्नेमध्ये | | | | | | पुस भित्र सुरु हुनुपर्ने | पुससम्म सुरु हुनुपर्ने(पछाडिको महिनामा सम्पन्न हुने) मध्ये | | | | पुसभित्र सुरु वा सम्पन्न हुनुपर्ने मध्ये सुरु नभएको प्रतिशत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्पन्न | | चालु | | सुरु नभएको | | | सुरु भएको | | सुरु नभएको | | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | भौतिक | १०७ | २९ | १० | ३४.५ | १५ | ५१.७ | ४ | १३.८ | ३९ | ३६ | ९२.३ | ३ | ७.७ | १०.३ |
| २ | ऊर्जा | २८६ | ७६ | ४२ | ५५.३ | ३२ | ४२.१ | २ | २.६ | १५३ | १४७ | ९६.१ | ४ | २.६ | २.६ |
| ३ | सहरी | ७५६ | ३५४ | ४२ | ११.९ | २२३ | ६३.० | ८९ | २५.१ | २५८ | २१६ | ८३.७ | ४२ | १६.३ | २१.४ |
| ४ | खानेपानी | १०६ | ३३ | ७ | २१.२ | १९ | ५७.६ | ७ | २१.२ | ४७ | ४३ | ९१.५ | ४ | ८.५ | १३.८ |
| ५ | सञ्चार | ९३ | ४९ | ५ | १०.२ | २६ | ५३.१ | १८ | ३६.७ | २५ | २३ | ९२.० | २ | ८.० | २७.० |
| | कुल | १३४८ | ५४१ | १०६ | १९.६ | ३१५ | ५८.२ | १२० | २२.२ | ५२२ | ४६५ | ८९.१ | ५५ | १०.५ | १६.५ |

**ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको थप २ वटा माइलस्टोन निर्धारित समय अगावै सम्पन्न भएको।*

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

## ५.२.४ पूर्वाधार क्षेत्रका माइलस्टोनको प्रगतिको तुलना

पूर्वाधार क्षेत्रका मन्त्रालयहरूको माइलस्टोनको पछिल्लो तीन वर्षको प्रथम अर्धवार्षिक अवधिको प्रगतिस्थितिलाई तुलना गर्दा माइलस्टोनको सम्पन्न प्रतिशत विगत वर्षकोभन्दा घटेको, चालु अवस्थामा रहेका माइलस्टोन २०७९ पुसको भन्दा कम रहेको देखिएको छ। यस क्षेत्रका माइलस्टोनको तुलनात्मक प्रगति विश्लेषणमा यस अवधिमा सम्पन्न हुनुपर्नेमध्ये सम्पन्न भएका र पछाडिको महिनामा सम्पन्न हुनुपर्नेमध्ये छिटो सम्पन्न भएका २ वटा माइलस्टोनसमेत समावेश गरिएको छ। माइलस्टोनको तुलनात्मक विवरण लेखाचित्र-१० मा प्रस्तुत गरिएको छः-

लेखाचित्र -१०

पूर्वाधार क्षेत्रका माइलस्टोनको तुलनात्मक विवरण




(स्रोतः एकीकृत अनुगमन प्रणाली)

## ५.३ शासकीय सुधार क्षेत्र

शासकीय सुधार क्षेत्र अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; गृह मन्त्रालय; रक्षा मन्त्रालय; सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय; परराष्ट्र मन्त्रालय, राष्ट्रिय योजना आयोग, सार्वजनिक खरिद अनुगमन कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र र राष्ट्रिय तथ्याङ्क कार्यालयको विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालय तथा निकायहरूका क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहायबमोजिम प्रस्तुत गरिएको छः

### ५.३.१ शासकीय सुधार क्षेत्रका क्रियाकलापको प्रगतिस्थिति

यस क्षेत्र अन्तर्गत रहेका मन्त्रालय तथा निकायहरूका कुल ३९२ क्रियाकलाप रहेकामा यस अवधिसम्ममा १०.७% क्रियाकलाप मात्र सम्पन्न भएका, ६८.९% चालु अवस्थामा रहेका र २०.४% सुरु हुन सकेका छैनन्। तुलनात्मक रूपमा हेर्दा सबैभन्दा बढी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २८.६% क्रियाकलाप सम्पन्न भएको देखिएको छ भने कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको ५७.१% क्रियाकलाप सुरु हुन नसकेको देखिएको छ। शासकीय सुधार क्षेत्रका क्रियाकलापहरूको प्रगतिस्थिति तालिका-९ मा प्रस्तुत गरिएको छः

तालिका-९

शासकीय सुधार क्षेत्रका क्रियाकलापहरूको प्रगतिस्थिति

| क्र.स. | मन्त्रालय/निकाय | कुल क्रियाकलाप | सम्पन्न | | चालु | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५९ | ५ | ८.५ | ३९ | ६६.१ | १५ | २५.४ |
| २ | गृह मन्त्रालय | १५६ | १६ | १०.३ | १२१ | ७७.६ | १९ | १२.२ |
| ३ | रक्षा मन्त्रालय | २८ | १ | ३.६ | २३ | ८२.१ | ४ | १४.३ |

| क्र.स. | मन्त्रालय/निकाय | कुल क्रियाकलाप | सम्पन्न | | चालु | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन | २८ | ८ | २८.६ | १८ | ६४.३ | २ | ७.१ |
| ५ | कानुन, न्याय तथा संसदीय मामिला | ३५ | ३ | ८.६ | १२ | ३४.३ | २० | ५७.१ |
| ६ | परराष्ट्र मन्त्रालय | १८ | २ | ११.१ | ११ | ६१.१ | ५ | २७.८ |
| ७ | राष्ट्रिय योजना आयोग | १५ | २ | १३.३ | १२ | ८०.० | १ | ६.७ |
| ८ | सार्वजनिक खरिद अनुगमन कार्यालय | १६ | ० | ०.० | ११ | ६८.८ | ५ | ३१.३ |
| ९ | राष्ट्रिय सतर्कता केन्द्र | ९ | २ | २२.२ | ७ | ७७.८ | ० | ०.० |
| १० | राष्ट्रिय तथ्याङ्क कार्यालय | २८ | ३ | १०.७ | १६ | ५७.१ | ९ | ३२.१ |
| | कुल | ३९२ | ४२ | १०.७ | २७० | ६८.९ | ८० | २०.४ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

### ५.३.२ शासकीय सुधार क्षेत्रका क्रियाकलापको प्रगतिको तुलना

यस क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूका क्रियाकलापहरूको पछिल्लो तीन वर्षको प्रथम अर्धवार्षिक अवधिको क्रियाकलापको प्रगतिस्थितिलाई तुलना गर्दा सम्पन्न प्रतिशत २०७८ पुसमा २.२% रहेको सम्पन्न प्रतिशत २०७९ पुसमा १४.३% र २०८० पुसमा १०.७% रहेको छ। त्यसैगरी, कार्य सुरु नभएका क्रियाकलापको प्रतिशत क्रमिक रूपमा बढेको देखिन्छ। यस क्षेत्रका क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण लेखाचित्र-११ मा उल्लेख गरिएको छ।

लेखाचित्र -११

शासकीय सुधार क्षेत्रका क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण




(स्रोतः एकीकृत अनुगमन प्रणाली)

### ५.३.३ शासकीय सुधार क्षेत्रका माइलस्टोनको प्रगतिस्थिति

यस समूहभित्र पुससम्म सम्पन्न हुनुपर्ने भनी निर्धारित ३१८ माइलस्टोन रहेकामा ४७.५% मात्र सम्पन्न भएका छन् भने ४१.८% चालु अवस्थामा रहेका र १०.७% सुरु नै हुन सकेका छैनन्। तुलनात्मक रूपमा हेर्दा सबैभन्दा बढी राष्ट्रिय सतर्कता केन्द्रको ८७.५% माइलस्टोन सम्पन्न

भएका, रक्षा मन्त्रालयको सबैभन्दा बढी ५६.१% माइलस्टोन चालु अवस्थामा रहेका र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको ४२.१% माइलस्टोन सुरु हुन सकेका छैनन्। पुसभित्र सुरु वा सम्पन्न हुनुपर्ने जम्मा ४७९ माइलस्टोनहरूमध्ये १२.३% सुरु नभएको देखिएको छ। शासकीय सुधार क्षेत्रका माइलस्टोनहरूको प्रगतिस्थिति तालिका-१० मा प्रस्तुत गरिएको छः-

तालिका-१०

शासकीय सुधार क्षेत्रका माइलस्टोनको २०८० पुस मसान्तसम्मको प्रगति विवरण

| क्र.सं. | मन्त्रालय/ निकाय | माइल स्टोन संख्या | पुससम्म सम्पन्न हुनुपर्ने | पुससम्म सम्पन्न हुनुपर्नेमध्ये | | | | | | पुसभित्र सुरु हुनुपर्ने | पुससम्म सुरु हुनुपर्ने(पछाडिको महिनामा सम्पन्न हुने) मध्ये | | | | पुसभित्र सुरु वा सम्पन्न हुनुपर्ने मध्ये सुरु नभएको प्रतिशत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्पन्न | | चालु | | सुरु नभएको | | | सुरु भएको | | सुरु नभएको | | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | प्र.म. तथा म.प. | ८८ | ३९ | १७ | ४३.६ | २० | ५१.३ | २ | ५.१ | २४ | २२ | ९१.७ | २ | ८.३ | ६.३ |
| २ | गृह | १७४ | ९४ | ४२ | ४४.७ | ४७ | ५०.० | ५ | ५.३ | ३० | २७ | ९०.० | २ | ६.७ | ५.६ |
| ३ | रक्षा | ८९ | ४१ | १६ | ३९.० | २३ | ५६.१ | २ | ४.९ | ३३ | २८ | ८४.८ | ५ | १५.२ | ९.५ |
| ४ | सङ्घीय | ६१ | ३६ | २९ | ८०.६ | ७ | १९.४ | ० | ०.० | ८ | ८ | १००.० | ० | ०.० | ०.० |
| ५ | कानुन | ५१ | १९ | ३ | १५.८ | ८ | ४२.१ | ८ | ४२.१ | २३ | १५ | ६५.२ | ८ | ३४.८ | ३८.१ |
| ६ | परराष्ट्र | ३२ | ६ | ३ | ५०.० | २ | ३३.३ | १ | १६.७ | १४ | १३ | ९२.९ | ० | ०.० | ५.० |
| ७ | रा.यो.आ. | ३५ | २५ | १४ | ५६.० | ११ | ४४.० | ० | ०.० | ३ | ३ | १००.० | ० | ०.० | ०.० |
| ८ | सा.ख.अ.का. | ३३ | २० | ३ | १५.० | ११ | ५५.० | ६ | ३०.० | ११ | ५ | ४५.५ | ६ | ५४.५ | ३८.७ |
| ९ | रा.स.के. | २० | ८ | ७ | ८७.५ | १ | १२.५ | ० | ०.० | ६ | ६ | १००.० | ० | ०.० | ०.० |
| १० | रा.त.का. | ७१ | ३० | १७ | ५६.७ | ३ | १०.० | १० | ३३.३ | ९ | ७ | ७७.८ | २ | २२.२ | ३०.८ |
| | कुल | ६५४ | ३१८ | १५१ | ४७.५ | १३३ | ४१.८ | ३४ | १०.७ | १६१ | १३४ | ८३.२ | २५ | १५.५ | १२.३ |

** गृह मन्त्रालयको थप १ वटा र परराष्ट्र मन्त्रालयको थप १ वटा माइलस्टोन निर्धारित समय अगावै सम्पन्न भएको*

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

## ५.३.४ शासकीय सुधार क्षेत्रका माइलस्टोनको प्रगतिको तुलना

शासकीय सुधार क्षेत्रका १० निकायहरूको माइलस्टोनको पछिल्लो तीन वर्षको प्रथम अर्धवार्षिक अवधिको प्रगतिस्थितिलाई तुलना गर्दा सम्पन्न प्रतिशत उल्लेख्य रूपमा बढेको, चालु अवस्थामा रहेका माइलस्टोन प्रतिशत उल्लेख्य रूपमा घटेको देखिएको छ। यस क्षेत्रका माइलस्टोनको तुलनात्मक प्रगति विश्लेषणमा यस अवधिमा सम्पन्न हुनुपर्नेमध्ये सम्पन्न भएका र पछाडिको महिनामा सम्पन्न हुनुपर्नेमध्ये छिटो सम्पन्न भएका २ वटा माइलस्टोनसमेत समावेश गरिएको छ। यस क्षेत्रका माइलस्टोनको प्रगतिको तुलनात्मक विवरण लेखाचित्र-१२ मा प्रस्तुत गरिएको छः-

लेखाचित्र -१२

शासकीय सुधार क्षेत्रका माइलस्टोनको प्रगतिको तुलनात्मक विवरण




(स्रोतः एकीकृत अनुगमन प्रणाली)

## ५.४ सामाजिक क्षेत्र

सामाजिक क्षेत्र अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि; स्वास्थ्य तथा जनसंख्या; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक; युवा तथा खेलकुद र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रगति विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालयहरूको क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

### ५.४.१ सामाजिक क्षेत्रका क्रियाकलापको प्रगतिस्थिति

यस क्षेत्रसँग सम्वन्धित मन्त्रालयहरूका कुल २९३ क्रियाकलापहरू रहेकामा समग्र क्रियाकलापको प्रगतिस्थिति हेर्दा १६.०% सम्पन्न भएका, ६७.६% चालु अवस्थामा रहेका र १६.४% सुरु नभएको देखिएको छ। सम्पन्न क्रियाकलापको अवस्थालाई तुलनात्मक रूपमा हेर्दा सबैभन्दा बढी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको २६.४% क्रियाकलाप सम्पन्न भएको, महिला, बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको ७७.८% चालु अवस्थामा रहेका र युवा तथा खेलकुद मन्त्रालयको २१.४% क्रियाकलाप सुरु नै हुन नसकेको देखिएको छ। सामाजिक क्षेत्रका क्रियाकलापहरूको कार्यान्वयनसम्बन्धी प्रगति विवरण तालिका-११ मा प्रस्तुत गरिएको छः-

तालिका-११

सामाजिक क्षेत्रका क्रियाकलापको प्रगतिस्थिति

| क्र.स. | मन्त्रालय | कुल क्रियाकलाप | सम्पन्न | | चालु | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | शिक्षा, विज्ञान तथा प्रविधि | ११० | २९ | २६.४ | ६४ | ५८.२ | १७ | १५.५ |
| २ | स्वास्थ्य तथा जनसंख्या | ७८ | १० | १२.८ | ५८ | ७४.४ | १० | १२.८ |
| ३ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | २७ | १ | ३.७ | २१ | ७७.८ | ५ | १८.५ |
| ४ | युवा तथा खेलकुद | ४२ | २ | ४.८ | ३१ | ७३.८ | ९ | २१.४ |
| ५ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | ३६ | ५ | १३.९ | २४ | ६६.७ | ७ | १९.४ |
| कुल | | २९३ | ४७ | १६.० | १९८ | ६७.६ | ४८ | १६.४ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## ५.४.१ सामाजिक क्षेत्रका क्रियाकलापको प्रगतिको तुलना

सामाजिक क्षेत्रसँग सम्बन्धित मन्त्रालयहरूका क्रियाकलापको पछिल्लो तीन वर्षको प्रथम अर्धवार्षिक अवधिको क्रियाकलापको प्रगतिस्थितिलाई तुलना गर्दा सम्पन्न प्रतिशत २०७८ पुसमा १२.७% रहेकोमा २०७९ पुसमा १५.६% र २०८० पुसमा १६% रहेको छ। त्यसैगरी, कार्य सुरु नभएका क्रियाकलापको प्रतिशत घट्दो क्रममा रहेको देखिन्छ। यस क्षेत्रको क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण लेखाचित्र-१३ मा उल्लेख गरिएको छ।

लेखाचित्र -१३

सामाजिक क्षेत्रका क्रियाकलापको प्रगतिको तुलनात्मक विवरण




(स्रोतः एकीकृत अनुगमन प्रणाली)

## ५.४.३ सामाजिक क्षेत्रका माइलस्टोनको प्रगतिस्थिति

यस क्षेत्रका कुल ६२२ माइलस्टोन रहेकोमा पुससम्म सम्पन्न हुनुपर्ने भनी निर्धारित ३७४ माइलस्टोनमध्ये ४८.७% माइलस्टोन सम्पन्न भएका, ३९.८% चालु अवस्थामा रहेका र ११.५% सुरु हुन सकेका छैनन्। सम्पन्न भएका माइलस्टोनहरूमध्ये सबैभन्दा धेरै युवा तथा खेलकुद मन्त्रालयको ७३.७% रहेको, चालुतर्फ सबैभन्दा धेरै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको ६६.७% माइलस्टोन देखिएका छन्। त्यस्तै पुस मसान्तभित्र सुरु हुनुपर्ने ८५ माइलस्टोनमध्ये ९६.५% सुरु भएका छन्। पुसभित्र सुरु वा सम्पन्न हुनुपर्ने जम्मा ४५९ माइलस्टोनहरूमध्ये १०% सुरु नभएको देखिएको छ। सामाजिक क्षेत्रका माइलस्टोनहरूको कार्यप्रगतिसम्बन्धी विवरण तालिका-१२ मा प्रस्तुत छ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

तालिका-१२

सामाजिक क्षेत्रका माइलस्टोनहरूको २०८० पुस मसान्तसम्मको प्रगतिस्थिति

| क्र.सं. | मन्त्रालय/ निकाय | माइल स्टोन संख्या | पुससम्म सम्पन्न हुनुपर्ने | पुससम्म सम्पन्न हुनुपर्नेमध्ये | | | | | | पुसभित्र सुरु हुनुपर्ने | पुससम्म सुरु हुनुपर्ने(पछाडिको महिनामा सम्पन्न हुने) मध्ये | | | | पुसभित्र सुरु वा सम्पन्न हुनुपर्ने मध्ये सुरु नभएको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्पन्न | | चालु | | सुरु नभएको | | | सुरु भएको | | सुरु नभएको | | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | प्रतिशत |
| १ | शिक्षा | २४० | १६३ | ७१ | ४३.६ | ७४ | ४५.४ | १८ | ११.० | २३ | २० | ८७.० | ३ | १३.० | ११.३ |
| २ | स्वास्थ्य | १९३ | १२४ | ६९ | ५५.६ | ३१ | २५.० | २४ | १९.४ | १९ | १९ | १००.० | ० | ०.० | १६.८ |
| ३ | महिला | ५६ | ३० | ९ | ३०.० | २० | ६६.७ | १ | ३.३ | ६ | ६ | १००.० | ० | ०.० | २.८ |
| ४ | युवा | ६२ | १९ | १४ | ७३.७ | ५ | २६.३ | ० | ०.० | २५ | २५ | १००.० | ० | ०.० | ०.० |
| ५ | श्रम | ७१ | ३८ | १९ | ५०.० | १९ | ५०.० | ० | ०.० | १२ | १२ | १००.० | ० | ०.० | ०.० |
| | कुल | ६२२ | ३७४ | १८२ | ४८.७ | १४९ | ३९.८ | ४३ | ११.५ | ८५ | ८२ | ९६.५ | ३ | ३.५ | १०.० |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

## ५.४.४ सामाजिक क्षेत्रका माइलस्टोनको प्रगतिको तुलना

सामाजिक क्षेत्रका ५ निकायहरूको माइलस्टोनको पछिल्लो तीन वर्षको प्रथम अर्धवार्षिक अवधिको प्रगतिस्थितिलाई तुलना गर्दा सम्पन्न प्रतिशत उल्लेख्य रूपमा बढेको, चालु अवस्थामा रहेका माइलस्टोन घटेको र कार्य सुरु नभएका माइलस्टोन प्रतिशत उल्लेख्य रूपमा घटेको देखिएको छ। सामाजिक क्षेत्रका माइलस्टोनको प्रगतिको तुलनात्मक विवरण लेखाचित्र -१४ मा प्रस्तुत गरिएको छः-

लेखाचित्र -१४

सामाजिक क्षेत्रका माइलस्टोनको प्रगतिको तुलनात्मक विवरण




(स्रोतः एकीकृत अनुगमन प्रणाली)

# ६. मन्त्रालय/निकायगत प्रगतिस्थिति

- एकीकृत अनलाइन अनुगमन प्रणालीमार्फत् मन्त्रालय/निकायहरूबाट प्रविष्ट क्रियाकलाप तथा माइलस्टोनको प्रगति विवरणका आधारमा समीक्षा अवधिसम्म सम्पन्न माइलस्टोनलाई ५० तथा सुरु भई तोकिएको लक्ष्य हासिल हुनुपर्ने मध्ये लक्ष्य प्राप्त माइलस्टोनलाई ५० गरी जम्मा १०० भारका आधारमा गणना गरी विश्लेषण गर्दा मन्त्रालय/निकायहरूको प्रगति स्थिति लेखाचित्र-१५ मा प्रस्तुत गरिएको छ।

लेखाचित्र-१५

सम्पन्न/लक्ष्य हासिल भएका माइलस्टोनको निकायगत प्रगति स्थिति




# ७. मन्त्रालय/निकायबाट सम्पादित केही मुख्य कार्यहरू

| क्र.सं. | निकाय | सम्पन्न कार्य |
|---|---|---|
| १ | अर्थ | विद्यमान कर प्रणाली सुधारका लागि उच्चस्तरीय समिति एवम् आर्थिक कारोवारका एकीकृत सूचनाहरूलाई निकायगत सूचना प्रणालीमा अन्तर आवद्धता कायम गर्न कार्यदल गठन र अध्ययन |
| २ | अर्थ | MCC अन्तर्गत- ट्रान्समिसन लाईन तथा सबस्टेसनका लागि निर्माणको सुपरिवेक्षण ईन्जिनियर/ परामर्श सेवाको ठेक्का सम्झौता एवम् रातमाटे सबस्टेसनका लागि सीमामा पर्खाल (Boundary Wall) निर्माणको काम सम्पन्न |
| ३ | अर्थ | भन्सार महसुल ऐन र एसएमई प्लेटफर्म सञ्चालनसम्बन्धी नियमावली स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश एवम् नयाँ भन्सार ऐन संसदमा पेश |
| ४ | अर्थ | सार्वजनिक संस्थानमा शेयर तथा ऋण लगानी नीति मस्यौदा तयार |
| ५ | अर्थ | स्रोत सहमती र वहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड तयार/लागु |
| ६ | उद्योग | १७ दुर्गम जिल्लाहरूको ६१ स्थानमा नुन ढुवानी कार्यको सम्झौता भई ३१७१ मे. टन नून ढुवानी भएको |

| क्र.सं. | निकाय | सम्पन्न कार्य |
|---|---|---|
| ७ | उद्योग | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको स्वामित्वका ४२ वटा औद्योगिक भवनहरूको Structural Assessment एवम् ७ वटा औद्योगिक क्षेत्रको सडक र ढलको स्तरोन्नतिका लागि बोलपत्र आह्वान |
| ८ | उद्योग | भैरहवा विशेष आर्थिक क्षेत्र तथा सिमरा Block A सव स्टेशनको निर्माण सम्पन्न, कालीगण्डकी रिडी प्रसारण लाईन आयोजनाको सव स्टेशनको सिभिल संरचना निर्माण प्रारम्भ एवम् हेटौंडा, पोखरा र भक्तपुर औद्योगिक क्षेत्रको विद्युत संरचनाको स्तरोन्नति कार्यको बोलपत्र आह्वान |
| ९ | उद्योग | नयाँ कम्पनी दर्ता गर्दा र कम्पनीको पूँजी वृद्धि गर्दा शुल्क नलाग्ने व्यवस्था गर्न राजपत्रमा सूचना प्रकाशन |
| १० | उद्योग | नेपाल भारत IGC/IGSC बैठकको आयोजना |
| ११ | उद्योग | पेट्रोलियम पदार्थको अन्वेषण तथा ड्रिलिङ्ग कार्यका लागि भैरवी-१ जलजले, दैलेखमा ४५ रोपनी जग्गा प्राप्ति भई ड्रिलिङ्ग कार्य प्रारम्भ |
| १२ | उद्योग | कम्पनी ऐनमा संशोधनको मस्यौदा एवम् वाणिज्य नीतिको मस्यौदा तयार |
| १३ | उद्योग | मूल्य नियन्त्रण, गुणस्तर कायम एवम् कालोबजारी नियन्त्रण सम्बन्धमा २५६७ पटक वजार अनुगमन |
| १४ | कृषि | बाँझो तथा उपयोगमा नआएको कृषि योग्य जग्गामा उत्पादन प्रवर्द्धन कार्यक्रमसम्बन्धी कार्यविधि स्वीकृति र लागु |
| १५ | कृषि | लाईभस्टक ईन्भेष्टमेन्ट प्लान एवम् सङ्घीय कृषि ऐनको मस्यौदा तयार |
| १६ | कृषि | १० वटा स्थानीय तहमा कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माणको ठेक्का आह्वान |
| १७ | कृषि | ६ लाख मे.टन रासायनिक मल आपूर्तिका लागि टेण्डर आह्वान |
| १८ | कृषि | ८४ हजार लिटर तरल नाइट्रोजन उत्पादन तथा वितरण |
| १९ | कृषि | ४१ लाख शुद्ध नश्लका माछाका भुरा र २४ हजार सौन्दर्य माछा एवम् ७२० वटा उन्नत जातका पशुपन्छीको स्रोत बीउ उत्पादन तथा वितरण |
| २० | कृषि | Start-up Grant सहयोगका लागि १९०८ वटा उत्पादकहरूको संयुक्त प्रोफाइल अद्यावधिक |
| २१ | कृषि | थप २ हजार बाली बिमा जारी |
| २२ | कृषि | २६ लाख कृषकलाई SMS मार्फत सूचना प्रबाह |
| २३ | कृषि | विभिन्न बालीका ४ लाख १४ हजार वटा बेर्ना उत्पादन तथा वितरण |
| २४ | भूमि | भू-उपयोग कार्यान्वयन कार्यविधि तयार |
| २५ | भूमि | सहकारी क्षेत्र सुधार सुझाव कार्यदल गठन भई प्रतिवेदन कार्यान्वयन आरम्भ |
| २६ | भूमि | ४३२ जनालाई सहकारी व्यवसाय प्रवर्द्धन एवम् नेतृत्व विकास प्रशिक्षण सञ्चालन |
| २७ | भूमि | ४० वटा सहकारी संस्थाको सम्पत्ति शुद्धिकरण परिपालना अनुगमन |
| २८ | भूमि | नापनक्सा सम्वन्धी थप १० वटा Control Network सुदृढीकरण |
| २९ | भूमि | भू-उपयोग वर्गीकरण तथा भूमि व्यवस्थापनको लागि २२९ स्थानीय तहलाई प्राविधिक सहयोग प्रदान र ३१५ जनालाई प्रशिक्षण सम्पन्न |
| ३० | भूमि | ११० स्थानीय तहका ५ हजार ३४० जना भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूलाई जग्गाधनी प्रमाणपूर्जा वितरण |
| ३१ | लगानी बोर्ड | उपयुक्त प्रविधिमा आधारित रासायनिक मल कारखाना स्थापनासम्बन्धी अध्ययनको MoU सम्पन्न |
| ३२ | लगानी बोर्ड | तल्लो अरुण जलविद्युत परियोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (Supplementary EIA) सम्पन्न |
| ३३ | लगानी बोर्ड | सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ को संशोधन मस्यौदा तर्जुमा |
| ३४ | लगानी बोर्ड | सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गरिने परियोजनाहरूकोलागि "भाएविलिटी ग्याप फन्डिङ" कार्यविधि तयार |
| ३५ | लगानी बोर्ड | PPP का लगानी स्वीकृति तथा परियोजना स्वीकृति सम्वन्धमा ७ वटा प्रस्तावहरूको मूल्याङ्कन |

| क्र.सं. | निकाय | सम्पन्न कार्य |
|---|---|---|
| ३६ | लगानी बोर्ड | रु ८० अर्वको लगानी प्रस्ताव स्वीकृति |
| ३७ | वन | ५९ वटा खोला/नदी किनारा संरक्षणका लागि उपभोक्तासँग सम्झौता |
| ३८ | वन | १६ कि.मी. पर्यटक पदमार्ग निर्माण मर्मत तथा स्तरोन्नति |
| ३९ | वन | संरक्षणमा खटिने संरक्षित क्षेत्रका कर्मचारीहरू र हात्तीसारे कर्मचारीको जोखिम बिमा सम्झौता, वन्यजन्तुबाट हुने क्षति वापत ४ करोड राहत सहयोग वितरण साथै १५ वटा भ्यू-टावर (मचान) मर्मत |
| ४० | वन | ५ वटा आयोजनाहरूको वातावरणीय परीक्षण सम्पन्न र ४२ वटा प्रतिष्ठानहरूको स्थलगत वातावरणीय अनुगमन |
| ४१ | वन | १६५ वटा पानी मुहान, ५४ वटा पोखरी निर्माण तथा सिमसार संरक्षण, २८ वटा गल्छी पहिरो खहरे रोकथाम तथा नियन्त्रण र ७ कि.मी. नदी तथा खोला किनारा स्थिरीकरण/व्यवस्थापन |
| ४२ | संस्कृति | तिलौराकोट पुरातात्विक क्षेत्रलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्नेसम्वन्धी दस्तावेजलाई अन्तिम रुप प्रदान |
| ४३ | संस्कृति | ७ वटा पुरातात्त्विक सम्पदाहरूको संरक्षण कार्य सम्पन्न; २५ वटा धार्मिक, सांस्कृतिक र ऐतिहासिक स्थलको संरक्षणका लागि DPR तयार एवम् भूकम्पबाट क्षति ११ वटा एवम् थप ५ वटा गुम्वाहरूको पुनःनिर्माण सम्पन्न |
| ४४ | संस्कृति | नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानलाई नेपाल पर्यटन तथा होटल प्रतिष्ठानमा गाभ्ने एवम् पर्यटन प्रवर्द्धन विकास समितिहरू प्रदेश र स्थानीय तहमा हस्तान्तरणका लागि अध्ययन प्रतिवेदन तयार |
| ४५ | संस्कृति | संस्कृति ऐनको तर्जुमाका लागि सैद्धान्तिक सहमति प्राप्ति |
| ४६ | संस्कृति | थप ३ लाख राष्ट्रिय महत्त्वका ऐतिहासिक अभिलेखहरूको भौतिक संरक्षण, सूचीकरण एवम् डिजिटाइजेशन |
| ४७ | संस्कृति | विभिन्न हिमाली क्षेत्रमा ५० कि.मी. ग्रेट हिमालयन ट्रेल निर्माण |
| ४८ | ऊर्जा | १०२ मेगावाटको मध्य भोटेकोशीको बाँकी रहेका सिभिल निर्माण, ईलेक्ट्रोमेकानिकल र हाईड्रोमेकानिकल कार्य सम्पन्न |
| ४९ | ऊर्जा | रसुवागढी जलविद्युत आयोजना (१११ मे.वा.) को १३२ के.भी. (१० कि.मी.) प्रसारण लाइन निर्माण कार्य सम्पन्न |
| ५० | ऊर्जा | सान्जेन जलविद्युत आयोजना (४२.५ मेगावाट) को सिभिल निर्माण र हाईड्रोमेकानिकल कार्य ९७% एवम् ट्रान्समिसन लाईन निर्माण सम्पन्न |
| ५१ | ऊर्जा | तामाकोशी ५ जलविद्युत आयोजनाको Lot-1 Civil Works and Hydromechanical Equipment को निर्माण गर्ने कार्य ७०% सम्पन्न |
| ५२ | ऊर्जा | ३३० एम.भि.ए क्षमताको हेटौंडा सवस्टेशनको टेष्टिङ्ग र कमिसनिङ्ग कार्य सम्पन्न |
| ५३ | ऊर्जा | चैनपुर सेती अर्धजलासययुक्त आयोजनाको थप २ कि.मी. पहुँच मार्ग निर्माण |
| ५४ | ऊर्जा | ४०० के.भी. क्षमताका बुटवल-लमही-दोधारा प्रसारण लाईन निर्माणको IEE प्रतिवेदन स्वीकृत |
| ५५ | ऊर्जा | ७०.३ मेगावाटको सिम्बुवा खोला जलविद्युत आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन सम्पन्न |
| ५६ | ऊर्जा | तल्लो सेती जलविद्युत आयोजनाको विस्तृत ईन्जिनियरिङ डिजाईन र वातारणीय प्रभाव मूल्याङ्कन (EIA) सम्पन्न |
| ५७ | ऊर्जा | कर्मादिव-फुकोट (कर्णाली कोरिडोर) ४०० के.भी. प्रसारण लाइन अन्तर्गत दोधारा-बेतन-फुकोटको check survey कार्य सम्पन्न |
| ५८ | ऊर्जा | तनहुँ जलविद्युत आयोजनाको थप ४२१ मी. ढलान तथा प्रसारण लाईनको थप ८ टावर ईरेक्सन कार्य सम्पन्न |
| ५९ | ऊर्जा | ६६ के.भी. माथिको थप ४८१ कि.मी. प्रसारण लाइन निर्माण |
| ६० | ऊर्जा | हेटौंडा-ढल्केबर-इनरुवा ४०० के.भि. प्रसारण लाइनको थप ३० वटा टावर इरेक्शन र थप १६३ स.कि.मी. तार तान्ने कार्य सम्पन्न |
| ६१ | ऊर्जा | लघु तथा साना जलविद्युत आयोजनाबाट थप २७० कि.वा. विद्युत उत्पादन एवम् थप ९८४ घरधुरीमा घरेलु/सौर्य प्रणाली जडान |

| क्र.सं. | निकाय | सम्पन्न कार्य |
|---|---|---|
| ६२ | ऊर्जा | जगदुल्ला जलविद्युत आयोजनाको वित्तीय (ऋण) व्यवस्थापन सम्पन्न |
| ६३ | ऊर्जा | बुढीगंगा जलविद्युत आयोजनाको ईलेक्ट्रोमेकानिकल कार्यको बोलपत्र आह्वान |
| ६४ | ऊर्जा | बुटबल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइनको डिजाईन स्वीकृत |
| ६५ | ऊर्जा | नेपाल भारत जलस्रोतसम्बन्धी संयुक्त बिशेषज्ञको बैठक सञ्चालन |
| ६६ | ऊर्जा | झापामा भूमिगत जल सिँचाइ आयोजनाको ७ वटा संरचना निर्माण |
| ६७ | ऊर्जा | बक्राहा नदीमा १२ वटा स्पर निर्माण सम्पन्न |
| ६८ | ऊर्जा | बबई सिँचाइ आयोजनामा थप ६०० मिटर मूल नहर निर्माण तथा रिमोडलिङ सम्पन्न |
| ६९ | ऊर्जा | भेरी कोरिडोर ४०० के.भी. प्रसारण लाइन आयोजनाको लगानीको मोडल तयार र वित्तिय स्रोत सुनिश्चित |
| ७० | ऊर्जा | रानी जमरा कुलरिया सिँचाइ आयोजना अन्तर्गत विद्युत गृह निर्माण सम्पन्न एवम् नहरका ४२ वटा नयाँ संरचना र १५ कि.मी. ग्रामिण सडक निर्माण |
| ७१ | ऊर्जा | सिक्टा सिँचाइको थप ९ कि.मी. नहर निर्माण र ७ कि.मी. नदी नियन्त्रणको लागि ठेक्का सम्झौता एवम् ११ हेक्टर जग्गा अधिग्रहण कार्य सम्पन्न |
| ७२ | ऊर्जा | महाकाली सिँचाइ आयोजनामा थप ३ हेक्टर जग्गा अधिग्रहण |
| ७३ | ऊर्जा | तल्लो सेती जलविद्युत आयोजनाको विस्तृत ईन्जिनियरिङ डिजाईन तथा वातारणीय प्रभाव मूल्याङ्कन (EIA) गर्ने कार्य थप ३०% सम्पन्न |
| ७४ | ऊर्जा | बृहत दाङ उपत्यका सिंचाइ आयोजनावाट थप ३०० हेक्टर सिञ्चित क्षेत्र थप |
| ७५ | ऊर्जा | बबई सिंचाइ आयोजनाको पश्चिम मूल तथा शाखा नहरहरूको बिस्तार गरी थप १ हजार हेक्टर जमिनमा सिंचाइ सेवा बिस्तार |
| ७६ | ऊर्जा | भेरी कोरिडोर सिंचाइ विकास आयोजना अन्तर्गत थप ५ हेक्टर जग्गा उकास |
| ७७ | ऊर्जा | विभिन्न नदीमा १६ कि.मी. तटवन्ध निर्माण, १९ वटा स्पर र १५ वटा चेकड्याम निर्माण |
| ७८ | खानेपानी | टिकापुर र कटहरिया वर्षात्को पानी निकास आयोजना कार्य सम्पन्न |
| ७९ | खानेपानी | काठमाण्डौ उपत्यकामा थप ६५ कि.मी. पाइपलाइन निर्माण |
| ८० | खानेपानी | देशका विभिन्न स्थानमा थप १३ वटा डीप बोरिङ (Well) जडान र सञ्चालन |
| ८१ | खानेपानी | थप ४८००० घरधुरीमा एक घर एक धारा नक्शाङ्कन र गजुरी, दिव्यनगर, भणडारा, पंचपुरी र दैलेखको महावु खानेपानी आयोजना ६०% बाट ९०% पुऱ्याईएको |
| ८२ | खानेपानी | गजुरी, दिव्यनगर, भण्डारा, पंचपुरी र दैलेखको महावु खानेपानी आयोजना ६०% बाट ९०% पुऱ्याईएको |
| ८३ | भौतिक | पथलैया-नारायणगढ खण्ड र मुग्लिङ-आँबुखैरनी खण्ड स्तरोन्नति को EIA वन मन्त्रालयमा पेश र बुटवल-गोरूसिंगे खण्ड (५० कि.मी.) ४ लेनमा स्तरोन्नति कार्यको IEE स्वीकृत |
| ८४ | भौतिक | सार्वजनिक सडक ऐन तथा सङ्घीय यातायात विधेयकको मस्यौदा सम्बद्ध मन्त्रालयहरूमा राय/सहमतीको लागि पठाईएको |
| ८५ | भौतिक | सुनकोशी नदीमा आन्तरिक जलयान सञ्चालनसम्बन्धी सम्भाव्यता अध्ययनका लागि आर्थिक तथा प्राविधिक प्रस्ताव माग तथा मूल्याङ्कन |
| ८६ | भौतिक | कालीगण्डकी करीडोर अन्तर्गत थप १५ कि.मी., मदन भण्डारी राजमार्ग अन्तर्गत थप १६ कि.मी. र पुष्पलाल (मध्यपहाडी) राजमार्ग अन्तर्गत थप ३५ कि.मी. सडक कालोपत्रे |
| ८७ | भौतिक | कमला-कञ्चनपुर सडक अन्तर्गत थप २२ कि.मी., नारायणघाट-बुटवल खण्ड अन्तर्गत थप १५ कि.मी. सडक कालोपत्रे |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | निकाय | सम्पन्न कार्य |
|---|---|---|
| ८८ | भौतिक | डुम्रे- बेसीशहर- चामे मनाङ सडक अन्तर्गत थप १० कि.मी. र वीरगंज-पथलैया खण्ड (३२ कि.मी.) ६ लेन सडक स्तरोन्नति |
| ८९ | भौतिक | हुलाकी राजमार्ग अन्तर्गत थप ६० कि.मी. सडक कालोपत्रे |
| ९० | भौतिक | नौविसे नागढुंगा खण्डमा सुरुङ्गमार्ग अन्तर्गत थप १६०० मीटरको कन्कृट लाईनिङ्ग सम्पन्न र थप ६०० मिटर सुरुङ्ग निर्माण |
| ९१ | भौतिक | थप ९ वटा यातायात व्यवस्था कार्यालयमा प्रविधियुक्त Vehicle Registration System लागु |
| ९२ | भौतिक | बर्दिवास निजगड (चोचा) रेलवे ट्राकवेड निर्माण अन्तर्गत थप ३ कि.मी. ट्राकवेड र ३ वटा पूल निर्माण सम्पन्न |
| ९३ | भौतिक | मदन भण्डारी राजमार्गको थप ११ कि.मी. ट्र्याक र स्तरोन्नति तथा १७ वटा पुल निर्माण सम्पन्न |
| ९४ | सञ्चार | ४७ वटा कार्यालयमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली, ५२ वटा सरकारी निकायमा कमन टेमप्लेटद्वारा वेवसाइट सञ्चालन |
| ९५ | सञ्चार | सरकारी निकायको थप ३ वटा गरी कुल ४४० वटा सफ्टवेयरको सुरक्षा अडिट |
| ९६ | सञ्चार | पत्रकार आचारसंहितासम्बन्धी ७४ वटा विषयवस्तुको अनुगमन |
| ९७ | सञ्चार | रेडियो नेपालका ४८.५ हजार पुराना अडियो टेप र गोरखापत्र संस्थानका ६३ वर्षको प्रकाशनको डिजिटल आर्काईभिङ्ग सम्पन्न |
| ९८ | सञ्चार | थप ३ भाषामा गोरखापत्र दैनिकको प्रकाशन |
| ९९ | सञ्चार | थप ५% जनसंख्यामा उच्च क्षमताको इन्टरनेट पहुँच बिस्तार, थप ९% जनसंख्यामा इन्टरनेट ग्राहक घनत्व विस्तार, थप ४% मा उच्च 4G सेवा बिस्तार र थप २१ स्थानमा 4G पहुँच बिस्तार |
| १०० | सहरी | राष्ट्रिय आवास नीतिको मस्यौदा एवम् काठमाडौं उपत्यकाको बृहत्तर गुरु योजना सेक्टर प्लान तयार |
| १०१ | सहरी | गोरखा सभाहल निर्माण अन्तर्गत छाना, प्लाष्टर र रङ्गरोगनको कार्य सम्पन्न |
| १०२ | सहरी | ववरमहलको भवन प्रवलीकरण सम्पन्न |
| १०३ | सहरी | त्रिचन्द्र क्याम्पस प्रवलीकरण कार्य २५% सम्पन्न |
| १०४ | सहरी | सिंहदरबार मुख्य प्रवेशद्वार प्रवलीकरणको कार्य सम्पन्न र पश्चिम लङ्कको प्रवलीकरण कार्य अन्तर्गत HVAC,MEP, Electrical को कार्य सम्पन्न |
| १०५ | सहरी | राष्ट्रपति कार्यालय भवन Restoration तथा Interior को कार्य ८५% सम्पन्न |
| १०६ | सहरी | केशरमहल लाजिम्पाट को भवन प्रवलीकरणको ९०% कार्य सम्पन्न र रङ्गरोगन आरम्भ |
| १०७ | सहरी | दमौली सभाहल निर्माण अन्तर्गत HVAC, Electrical, Sanitary, Sound System लगायत Land Development को कार्य सम्पन्न |
| १०८ | सहरी | नगर विकास कोष ऐन, २०५३ को संशोधन विधेयक मस्यौदा तयार |
| १०९ | सहरी | महेन्द्र नारायण निधि मिथिला साँस्कृतिक केन्द्र धनुषाको ५५० क्षमता हलको Acoustic, Finishing तथा Furnishing कार्य सम्पन्न |
| ११० | सहरी | सौराह सभाहल निर्माण HVAC तथा Furniture को कार्य सम्पन्न |
| १११ | सहरी | देशभर झोलुङ्गे पुल निर्माणका लागि आवश्यक लट्ठा तथा अन्य सामग्री खरिदको सम्झौता र आपूर्ति आरम्भ |
| ११२ | सहरी | लुम्बिनी सास्कृति न.पा.मा शहरी पूर्वाधार निर्माणको Due Diligence Report तयार |
| ११३ | सहरी | भैसेपाटीमा प्रदेश प्रमुख/मुख्य मन्त्रीको सम्पर्क कार्यालयको भवन निर्माणको इन्टेरियर र फर्निसिङ्ग कार्य सम्पन्न |
| ११४ | सहरी | थप ५००० नागरिकको घरको छाना जस्तापाताद्वारा प्रतिस्थापन |
| ११५ | सहरी | धरहरा पुनःनिर्माण जग्गाको विवाद समाधान भई सडक कालोपत्रे कार्य ६०% र MEP/Electrical तथा Sanitaryसम्बन्धी कार्य ९१% सम्पन्न |
| ११६ | सहरी | केन्द्रीय बाल कल्याण नक्शाल काठमाण्डौको भवन प्रवलीकरण |

| क्र.सं. | निकाय | सम्पन्न कार्य |
|---|---|---|
| ११७ | सहरी | १३ वटा स्थानीय तहको प्रशासनिक भवनको निर्माण प्रारम्भ एवम् थप १० वटा स्थानीय तहको भवन निर्माण सम्पन्न |
| ११८ | कानुन | स्थानीय तहको न्यायिक समितिका लागि २ वटा प्रशिक्षण सञ्चालन |
| ११९ | कानुन | विधेयकको सैद्धान्तिक सहमति ६ वटा; विधेयकको मस्यौदा ६ वटा; नियमावली, गठन आदेश, निर्देशिका, कार्यविधि २९ वटा; नेपाल राजपत्र सूचना सम्पादन १६५ वटा र ४२ वटा द्विपक्षीय/ बहुपक्षीय सम्झौतामा राय प्रदान |
| १२० | गृह | Nepal Disaster Report तयार एवम् विपद् व्यवस्थापन सम्बन्धी २८ वटा तालिम सञ्चालन |
| १२१ | गृह | अध्यागमन कार्यालय बेलहियाको भवनको संरचना निर्माण एवम् विभिन्न सुरक्षा निकायका भवन निर्माणका लागि बोलपत्र आह्वान सम्पन्न |
| १२२ | गृह | गाँजाको औषधिजन्य प्रयोजनका लागि अनुसन्धान गर्न अनुसन्धानकर्ता छनौट |
| १२३ | गृह | नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८० स्वीकृति र लागु |
| १२४ | गृह | प्रहरी कर्मचारीलाई तालिमको आवश्यकता सम्बन्धमा प्रभाव मूल्याङ्कन तथा Training Need Analysis सम्पन्न र १४७७१ जना प्रहरी कर्मचारीहरूलाई तालिम प्रदान |
| १२५ | गृह | २५ लाख राष्ट्रिय परिचयपत्र छपाइ र १७ लाख वितरण |
| १२६ | गृह | थप २३७८ जनालाई मनसुन तथा आगलागीजन्य निजी आवास पुनर्निर्माण अनुदान रकम वितरण |
| १२७ | गृह | ३० हजार स्थानमा सुरक्षासम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन |
| १२८ | गृह | थप २५ वटा सीमास्तम्भको मर्मतसंभार तथा पुनःस्थापना |
| १२९ | गृह | विदेशस्थित ४ वटा नेपाली कूटनीतिक नियोगबाट व्यक्तिगत घटना दर्ता आरम्भ |
| १३० | तथ्याङ्क कार्यालय | आ. व. २०८०/८१ को पहिलो त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्कसम्बन्धी समष्टिगत आर्थिक अनुमानहरू तयार |
| १३१ | तथ्याङ्क कार्यालय | तथ्याङ्क नियमावलीको मस्यौदा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश |
| १३२ | तथ्याङ्क कार्यालय | दोस्रो तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीतिको आधारपत्र तयार |
| १३३ | तथ्याङ्क कार्यालय | राष्ट्रिय कृषि गणना, २०७८ का कृषि जमिनको प्रयोगसम्बन्धी प्रतिवेदन र सामुदायिक प्रश्नावलीमा आधारित प्रतिवेदन तयार साथै संस्थागत कृषिचलनको प्रतिवेदन छपाई सम्पन्न |
| १३४ | तथ्याङ्क कार्यालय | राष्ट्रिय तथ्याङ्क परिषद्को बैठक सम्पन्न |
| १३५ | तथ्याङ्क कार्यालय | नेपाल बहुसूचक सर्वेक्षण, २०२४ का लागि प्रश्नावली, गणक तालिम तथा घरपरिवार लगत सूचीकरण एवम् राष्ट्रिय होटल तथा रेष्टुरेन्ट सर्वेक्षणको प्रश्नावली र निर्देशिका तयार |
| १३६ | परराष्ट्र | सम्माननीय प्रधानमन्त्रीज्यूको जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमण व्यवस्थापन तथा ५ वटा सम्झौतामा हस्ताक्षर |
| १३७ | परराष्ट्र | बिमस्टेकको बडापत्र सङ्घीय संसदबाट अनुमोदनको लागि संसद सचिवालयमा पेश |
| १३८ | परराष्ट्र | संयुक्त राष्ट्र सङ्घको ७८औं महासभा एवम् नियमित बैठकमा सहभागी |
| १३९ | परराष्ट्र | ९ वटा उच्च स्तरीय द्विपक्षीय बैठक आयोजना |
| १४० | परराष्ट्र | विदेशस्थित नेपाली नियोगहरूबाट ४० वटा आर्थिक कूटनीतिका कार्यक्रमहरू सञ्चालन |
| १४१ | परराष्ट्र | थप ७२५०६३ वटा विद्युतीय राहदानी वितरण |
| १४२ | प्र.म. तथा म.प. | कार्यविस्तृतीकरण प्रतिवेदन परिमार्जनको कार्य अन्तिम रूप प्रदान |

प्र.म. तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | निकाय | सम्पन्न कार्य |
|---|---|---|
| १४३ | प्र.म. तथा म.प. | प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिता अध्ययन सम्पन्न |
| १४४ | प्र.म. तथा म.प. | राजस्व चुहावट नियन्त्रणको लागि ९१९ पटक गस्ती परिचालन |
| १४५ | प्र.म. तथा म.प. | Vehicle Consignment tracking System मा प्रयोगकर्ताको संख्या २ लाख ३० हजार पुऱ्याईएको र ६९३ वटा संस्थालाई २७६ लाख जरिवाना |
| १४६ | प्र.म. तथा म.प. | राजस्व चुहावट तथा विदेशी विनिमय अपचलनसम्बन्धी ६४ वटा मुद्दाको अनुसन्धान/अभियोजन गरीएको |
| १४७ | प्र.म. तथा म.प. | सम्पत्ती शुद्धिकरण सम्बन्धी सूचक संस्था, नियमनकारी निकाय तथा कानुन कार्यान्वयन गर्ने निकायहरूसँग २ वटा अन्तर्क्रिया सम्पन्न |
| १४८ | प्र.म. तथा म.प. | इज अफ डुइङ बिजनेस अन्तर्गत व्यवसायिक वातावरण प्रवर्द्धन समन्वय समितिको २ वटा बैठक सञ्चालन |
| १४९ | प्र.म. तथा म.प. | राष्ट्रिय सुरक्षा नीति २०७५ कार्यान्वयनको समीक्षात्मक कार्यान्वयन समीक्षा र प्रतिवेदन तयार |
| १५० | प्र.म. तथा म.प. | मन्त्रालयको कार्यप्रगति सम्वन्धमा ३ वटा समीक्षा बैठक सम्पन्न, मन्त्रालयको कार्यप्रगतिको Score कार्ड तयार, सम्माननीय प्रधानमन्त्री र माननिय मन्त्रीबीच वार्षिक कार्यसम्पादन सम्झौता |
| १५१ | योजना आयोग | अतिकम विकसित राष्ट्रबाट स्तरोन्नतिको रणनीति (कार्ययोजना सहित) तर्जुमा |
| १५२ | योजना आयोग | एक अर्बभन्दा माथिका र प्राथमिकता प्राप्त आयोजनाहरूको संयुक्त अनुगमनको कार्यविधि तयार |
| १५३ | योजना आयोग | सोह्रौं आवधिक योजनाको क्षेत्रगत एकीकृत मस्यौदा तयार एवम् राष्ट्रिय, प्रदेश र स्थानिय तहमा अन्तक्रिया |
| १५४ | रक्षा | द्रुतमार्ग निर्माण - प्याकेज नं.२ को सुरुङ्गको थप ११७० मीटर निर्माण, प्याकेज नं.३ को ३ वटा पुल निर्माण, प्याकेज नं.७ को ३ वटा पुलहरूको Piles निर्माण सम्पन्न |
| १५५ | रक्षा | वेनिघाट-आरुघाट-लार्केभन्ज्याङ्ग सडक आयोजनाको थप २.५ कि.मी. ट्र्याक निर्माण |
| १५६ | रक्षा | कोशी कोरिडोर, खांदवारी-किमाथांका (च्याम्ताङ्ग-घोङ्गघप्पा खण्ड) सडक १.४ कि.मी. सडक स्तरोन्नति र थप ८०० मी. नयाँ ट्र्याक निर्माण |
| १५७ | रक्षा | कर्णाली करिडोर (लालिवगर-दुल्लिकुन्ना र घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला खण्ड) सडक आयोजनाको थप १.३ कि.मी. नयाँ ट्र्याक निर्माण |
| १५८ | रक्षा | वेनिघाट-आरुघाट-लार्केभन्ज्याङ्ग सडक आयोजनाको थप १.२ कि.मी. सडक स्तरोन्नति |
| १५९ | सङ्घीय मामिला | उच्चस्तरीय प्रशासन सुधार आयोग गठन सम्बन्धी प्रस्ताव नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश |
| १६० | सङ्घीय मामिला | कर्मचारीबीच प्रतिस्पर्धात्मक प्रतिभा डबली (Talent Forum) सञ्चालन कार्यविधि परिमार्जन |
| १६१ | सङ्घीय मामिला | निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक संसदमा; सङ्घीय निजामती सेवासम्बन्धी विधेयक र फोहोरमैला व्यवस्थापनसम्बन्धी विधेयक मन्त्रिपरिषद्मा पेश |
| १६२ | सङ्घीय मामिला | स्थानीय तहको प्रगति अनुगमन प्रणालीसम्बन्धी प्रशिक्षण सञ्चालन |
| १६३ | सङ्घीय मामिला | स्थानीय तहको मध्यमकालिन खर्च संरचना तर्जुमासम्बन्धी दिग्दर्शन परिमार्जन र ३७ स्थानीय तहलाई प्रशिक्षण प्रदान |

| क्र.सं. | निकाय | सम्पन्न कार्य |
|---|---|---|
| १६४ | सङ्घीय मामिला | स्थानीय तहहरूले हासिल गरेका असल अभ्यासहरूको आदान प्रदानका लागि ३ प्रदेशमा अन्तरक्रिया |
| १६५ | सङ्घीय मामिला | ८ वटा सङ्घीय स्तरका कार्यालयहरूको सेवाग्राही सन्तुष्टि सर्वेक्षण सम्पन्न |
| १६६ | सतर्कता केन्द्र | १४ वटा कार्यालयको सेवा प्रवाहको अनुगमन, निगरानी एवम् अन्वेषणसम्बन्धी कार्य सम्पन्न |
| १६७ | सतर्कता केन्द्र | ९५४ वटा उजुरी सङ्कलन र ४३७ वटा उजुरीको छानविन एवम् कारवाही |
| १६८ | सार्वजनिक खरिद | e-GP सञ्चालनको लागि परामर्शदाताबाट Need Analysis सहितको प्रतिवेदन प्राप्ति |
| १६९ | सार्वजनिक खरिद | २२४ जनालाई विद्युतीय खरिद प्रणाली (e-GP System)सम्बन्धी तालिम प्रदान |
| १७० | महिला | २ वटा सङ्घीय मन्त्रालयको Gender Audit सम्पन्न |
| १७१ | महिला | ७८ जना ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाइ उद्धार |
| १७२ | युवा | कीर्तिपुर क्रिकेट रङ्गशालामा फ्लड लाइट जडान लागि ठेक्का सम्झौता,गिरीजा प्रसाद कोइराला क्रिकेट रङ्गशाला, विराटनगर र दशरथ चन्द क्रिकेट रङ्गशाला, बैतडी निर्माण कार्यका लागि DPR तयार, धनगढी रङ्गशाला निर्माण कार्य ४९% सम्पन्न र पोखरा रङ्गशालामा बोरिङ निर्माण ७५% सम्पन्न |
| १७३ | युवा | राष्ट्रियस्तरका २७ वटा र अन्तर्राष्ट्रियस्तरका १८ वटा खेलकुद प्रतियोगिता आयोजना र अन्तर्राष्ट्रियस्तरका २५ खेलकुद प्रतियोगितामा सहभागिता |
| १७४ | शिक्षा | उच्च शिक्षामा छात्रवृत्ति प्रदानसम्बन्धी, हिमाल क्षेत्रमा आवासीय छात्रवृत्ति सम्वन्धी, सीमान्तकृत समुदायका विद्यार्थीलाई चिकित्सा शिक्षा छात्रवृत्तिसम्बन्धी र दिवा खाजा कार्यक्रमसम्बन्धी निर्देशिका परिमार्जन र लागु |
| १७५ | शिक्षा | कक्षा ४ देखि कक्षा १२ सम्म योग र ध्यानका विषयहरूलाई पाठ्यक्रम र पाठ्यपुस्तकमा एकीकरण |
| १७६ | शिक्षा | वैदेशिक अध्ययन अनुमति अनलाइनमार्फत वितरण आरम्भ |
| १७७ | शिक्षा | प्रारम्भिक बालविकास केन्द्रको नक्साङ्कनका लागि मापदण्डको विकास |
| १७८ | शिक्षा | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका राष्ट्रिय पाठ्यक्रम ढाँचा (National Curriculum Framework) निर्माण समिति गठन र कार्य आरम्भ |
| १७९ | शिक्षा | ब्रेललिपिका पाठ्यपुस्तकको छपाइ र निःशुल्क वितरणका लागि संस्था छनौट |
| १८० | शिक्षा | भारतीय अनुदान सहयोगबाट ७ जिल्लामा १० विद्यालय तथा १ पुस्तकालय पुनर्निर्माण |
| १८१ | शिक्षा | भूकम्प अति प्रभावित १४ जिल्लामा DRSP बाट १०१ विद्यालय सबलीकरण (Retrofit) |
| १८२ | शिक्षा | रेडियोधर्मी पदार्थको उपयोग तथा नियमनसम्बन्धी निर्देशिका तयार, रासायनिक पदार्थको सुरक्षित प्रयोग तथा व्यवस्थापनसम्बन्धी विधेयकको मस्यौदा तर्जुमा र विद्यालय शिक्षासम्बन्धी विधेयक मन्त्रिपरिषद्मा पेश |
| १८३ | शिक्षा | बुटवल मेडिकल कलेज र बर्दिबास मेडिकल कलेजको डिपिआर तयारीका लागि परामर्शदाता छनौट तथा सम्झौता, प्रादेशिक अस्पतालको सहकार्यमा मेडिकल कलेज सञ्चालनसम्बन्धी कार्यविधि निर्माण र सुर्खेत मेडिकल कलेजको डिपिआर तयारीका लागि लागत अनुमान तयारी र स्वीकृति |
| १८४ | शिक्षा | सार्वजनिक माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण र स्तरीकरणका लागि विद्यालय छनोट |
| १८५ | शिक्षा | २५ वटा उच्च शैक्षिक संस्थाहरूबाट उद्यमशीलतासम्बन्धी तालिम प्रदान |
| १८६ | शिक्षा | ८३४ जना प्रशिक्षकलाई तालिम सञ्चालन, १९.५ हजार जनाको सीप परीक्षण प्रमाणीकरण र तालिमप्राप्त प्रशिक्षार्थीको रोजगारीसम्वन्धी वर्तमान अवस्थासम्बन्धी अध्ययन सम्पन्न |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | निकाय | सम्पन्न कार्य |
|---|---|---|
| १८७ | श्रम | सामाजिक सुरक्षा कोषमा योगदान रकम परिवारको स्वास्थ्य बिमा सञ्चालनमा प्रयोग गर्नेसम्बन्धी अध्ययन |
| १८८ | श्रम | राष्ट्रिय व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानको गठन आदेश मन्त्रिपरिषद्मा पेश |
| १८९ | श्रम | सरकारी सेवामा कार्यरत अस्थायी करार तथा ज्यालादारी कमर्चारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गर्नेसम्बन्धी निर्देशिका तयार |
| १९० | श्रम | अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई सूचीकृत गर्ने कार्य प्रारम्भ |
| १९१ | श्रम | १५५७ वटा प्रतिष्ठानको श्रम कानुन परिपालना र वालश्रमको सम्बन्धमा निरीक्षण अनुगमन |
| १९२ | स्वास्थ्य | आगामी पाँच वर्षका लागि चिकित्सा क्षेत्रका विभिन्न विधामा मुलुकलाई आवश्यक पर्ने जनशक्तिको आकलन गरी चिकित्सा शिक्षा आयोगमा सिफारिस |
| १९३ | स्वास्थ्य | आधारभूत स्वास्थ्य सेवाका औषधी तथा स्वास्थ्यजन्य सामग्रीहरूको स्वदेशमा उत्पादनको अवस्थासम्वन्धी अध्ययन प्रतिवेदन तयार |
| १९४ | स्वास्थ्य | कीटजन्य रोग अनुसन्धान तथा तालिम विकास समिति खारेजका लागि प्रस्ताव मन्त्रिपरिषद्मा पेश |
| १९५ | स्वास्थ्य | केन्द्रीय सरुवा रोग अस्पताल (३०० शय्याको) को भवन निर्माणको बोलपत्र आह्वान |
| १९६ | स्वास्थ्य | जुम्लामा १५ शय्या र धनुषा, कास्की र चितवनमा १००/१०० शय्याको आयुर्वेद अस्पताल भवनको गुरू योजना र विस्तृत ईन्जिनियरिङ प्रतिवेदन तयार |
| १९७ | स्वास्थ्य | सिंहदरवार वैद्यखानाको पुनः संरचनाका लागि हालको अवस्थाको अध्ययन |
| १९८ | स्वास्थ्य | बुढानिलकण्ठमा राष्ट्रिय आयुर्वेद पञ्चकर्म, योग सेवा केन्द्र भवन निर्माण ८५% सम्पन्न |
| १९९ | स्वास्थ्य | कैलालीको लम्की, नवलपरासी पूर्वको देवचुली र रूपन्देहीको सैनामैनामा प्राथमिक ट्रमा उपचार केन्द्र निर्माणका लागि गुरू योजना र विस्तृत ईन्जिनियरिङ प्रतिवेदन तयार तथा नवलपरासी पश्चिमको वर्दघाटमा ट्रमा सेन्टर निर्माण गर्न स्थान छनौट |
| २०० | स्वास्थ्य | पाठेघरको क्यान्सर रोकथामका लागि एच.पी.भी. खोप कार्यक्रम सञ्चालन निर्देशिका तयार |
| २०१ | स्वास्थ्य | मातृ मृत्युदर र नवजात शिशु मृत्युदर बढी भएका स्थानमा यसको कारणको विश्लेषणात्मक प्रतिवेदन तयार |
| २०२ | स्वास्थ्य | पाटन मानसिक रोग अस्पतालको भवन निर्माणका लागि गुरू योजना र विस्तृत ईन्जिनियरिङ प्रतिवेदन तयार |
| २०३ | स्वास्थ्य | विद्युतीय सूचना प्रणालीमा एम्वुलेन्स आबद्धता गरी १०२ नं. मार्फत एकीकृत रूपमा एम्वुलेन्स सेवा प्रवाह |
| २०४ | स्वास्थ्य | शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा आवश्यक अत्याधुनिक ब्लड बैंक उपकरण खरिद गरी सेवा सञ्चालन |
| २०५ | स्वास्थ्य | सातै प्रदेशका डेङ्गी संक्रमणको जोखिम भएका स्थानीय तहका २०० वडामा अभियान सञ्चालन |
| २०६ | स्वास्थ्य | ८ वटा अस्पतालवाट हप्ताको १ दिन बाँझोपन तथा निःसन्तान बहिरङ्ग सेवा सञ्चालन प्रारम्भ |
| २०७ | स्वास्थ्य | कुल १२५ स्थानीय तहमा क्षयरोग मुक्त नेपाल अभियान सञ्चालन |
| २०८ | स्वास्थ्य | राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा भवन निर्माण प्रारम्भ २०% प्रगति |
| २०९ | स्वास्थ्य | ७५ स्थानमा नागरिक आरोग्य अभियान सञ्चालन |

## ८. समस्या र कारणहरूको विश्लेषण

- मन्त्रालय तथा निकायहरूबाट एकीकृत अनुगमन प्रणालीमा प्रविष्ट वार्षिक कार्ययोजनाअनुसार पुस मसान्तसम्म निश्चित लक्ष्य हासिल हुनु पर्ने लेखाचित्र-१६ बमोजिमका विवरण भएका माइलस्टोनहरूको लक्ष्य हासिल हुन नसकेको देखियो।

लेखाचित्र -१६

लक्ष्य प्राप्ति नभएका माइलस्टोनहरूको विवरण




(स्रोतः एकीकृत अनुगमन प्रणाली)

- मन्त्रालय/निकायहरूले निश्चित लक्ष्य हासिल गर्न नसकेका उक्त १५१६ माइलस्टोनलाई विषयअनुसार वर्गीकरण गर्दा भौतिक निर्माण वा कार्यक्रम सञ्चालनसँग सम्बन्धित ४३५, बोलपत्र आह्वान तथा सूचना प्रकाशन कार्य, लागत अनुमान तयार गर्ने जस्ता खरिद प्रक्रियासँग सम्बन्धित विषयका ३९५, कार्यक्रम सञ्चालनसँग सम्बन्धित ३८२ माइलस्टोनले लक्ष्य प्राप्त गर्न नसकेको देखियो। यसको विस्तृत विवरण तालिका-१३ मा उल्लेख गरिएको छ।

तालिका-१३

तोकिएको लक्ष्य प्राप्त नभएका माइलस्टोनका विषय

| माइलस्टोनका विषय | माइलस्टोन संख्या | प्रतिशत |
|---|---|---|
| भौतिक निर्माण वा कार्यक्रम सञ्चालन | ४३५ | २८.६९ |
| खरिद प्रक्रियासँग सम्बन्धित | ३९५ | २६.०६ |
| कार्यक्रम सञ्चालनसँग सम्बन्धित | ३८२ | २५.२० |
| कानुनी तयारी | १५८ | १०.४२ |
| सम्भाव्यता अध्ययनसँग सम्बन्धित | ५२ | ३.४३ |
| जग्गा प्राप्ति तथा साइट क्लियरेन्स | ३६ | २.३७ |
| IT सँग सम्बन्धित | २५ | १.६५ |
| IEE/EIA सँग सम्बन्धित | २१ | १.३९ |
| कृषि अनुसन्धानसँग सम्बन्धित | ९ | ०.५९ |
| वन र वनस्पतिसँग सम्बन्धित | ३ | ०.२० |
| कुल जम्मा | १५१६ | १०० |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

- प्राप्त विवरणअनुसार पुस मसान्तसम्म सम्पन्न हुनुपर्ने मध्ये चालु वा सुरु हुन नसकेका र पुस मसान्तसम्म सुरु हुनुपर्ने मध्ये चालु (लक्ष्य प्राप्ति नभएका) वा सुरु हुनुपर्ने मध्ये सुरु नभएका माइलस्टोनका कारणहरू लेखाचित्र-१७ मा प्रस्तुत गरिएको छ।

लेखाचित्र-१७

२०८० पुसमहिनासम्म निश्चित लक्ष्य हासिल हुन नसकेका माइलस्टोनका कारण




(स्रोतः एकीकृत अनुगमन प्रणाली)

- माथिको लेखाचित्रलाई विश्लेषण गर्दा हालसम्म सम्पन्न हुनुपर्नेमध्ये कार्य सुरु हुन नसक्नुका कारणहरूमा कार्यान्वयनका लागि आवश्यक पूर्वतयारीका कार्यहरू पूरा हुन नसक्नु प्रमुख कारणको रूपमा रहेको छ। आर्थिक वर्षको प्रारम्भमै गर्नुपर्ने कार्यहरू जस्तै वार्षिक खरिद योजना वनाई लागु गर्ने, लागत अनुमान तयार गर्ने, बोलपत्रसम्बन्धी कागजात तयार गरी वोलपत्र आह्वान गर्ने, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने, कार्यक्रम सञ्चालन कार्यविधि वा सञ्चालन ढाँचा तयार गर्नेजस्ता पूर्वतयारीका कार्यहरू हुन नसकेकोले कार्यक्रमहरू अगाडि बढ्न सकेका छैनन्। तोकिएको उक्त कार्य सम्पन्न गर्न आवश्यक पर्ने अघिल्लो कार्य सम्पन्न नभएका कारणसमेत यस्तो अवस्था सिर्जना हुने गर्दछ। उदाहरणका लागि कुनै भौतिक संरचना निर्माणका लागि "लागत अनुमान तयारी" माइलस्टोन सम्पन्न नभएका कारण त्यसपछिका "बोलपत्रको सूचना प्रकाशन", "निर्माण सम्झौता" जस्ता माइलस्टोन स्वतः प्रभावित हुने देखिन्छ। समीक्षा अवधिमा पुस मसान्तसम्म सम्पन्न हुनुपर्नेमध्ये ७२० माइलस्टोन पूर्वतयारी पूरा हुन नसकेकोले सुरु नै हुन नसकेको देखिएको छ।

- चालु आर्थिक वर्षको बजेट कार्यान्वयन कार्ययोजना तर्जुमा गर्दा स्रोत सुनिश्चितता नभएका कार्यहरू कार्ययोजनामा समावेश नगर्न सुझाव दिइएको थियो। सम्पन्न वा सुरु हुनुपर्ने माइलस्टोनहरूमध्ये १८७ माइलस्टोन बजेट व्यवस्थापन हुन नसकेको वा स्रोत सुनिश्चितता नभएको कारणबाट प्रभावित देखिएको छ भने जनशक्ति अभाव तथा नेतृत्व परिवर्तनका कारण ७५ वटा प्रभावित भएका छन्।

- कानुन, कार्यविधि तथा प्रक्रियागत आधार तयार नभएको कारण ४९ वटा, अन्य निकायको सहमति प्राप्त नभएका कारण १०० वटा, विवाद तथा कानुनी जटिलताका कारण ३१ वटा र अन्तर तह/ मन्त्रालय/ निकाय समन्वय हुन नसकेका कारण ५१ वटा माइलस्टोन सम्पन्न हुन सकेका छैनन्।

- त्यसैगरी, स्थान छनौट/ जग्गा प्राप्ति नभएकोले कारणले लक्ष्य प्राप्त हुन नसकेको माइलस्टोन ६६ वटा, कार्यक्रमको पुनःसंरचना गर्नु परेको कारण २४ वटा, विपद्का कारण २७ वटा, निर्माण व्यवसायीबाट ढिलाइ भएका कारण १९ वटा, परामर्शदातावाट ढिलाइ भएका कारण ८ वटा, निर्माण सामग्रीको अभावका कारण ६ वटा, योजनाहरूको दोहोरोपनका कारण ३ वटा र अन्य कारणले गर्दा ३२ वटा माइलस्टोन सम्पन्न हुन नसकेको देखिएको छ।

- प्रष्ट कारण उल्लेख नगरिएका वा सम्बन्धित विषयमा प्रतिवेदन नै नगरिएकाले प्रारम्भ हुन नसकेका भनी उल्लेख भएका माइलस्टोनहरूको संख्या ११८ रहेकोले मन्त्रालय/ निकायहरूले समयमा प्रतिवेदन गर्ने र सम्बन्धित समस्याको जानकारी गराई समाधान गर्न लाग्नुपर्ने देखिएको छ। यसरी समयमै प्रतिवेदन नगर्नुले मन्त्रालयले प्रतिवेदनमा ध्यान नदिएको वा उक्त विषय मन्त्रालयको प्राथमिकतामा नपरेको हुनसक्ने देखिन्छ।

- कार्यान्वयन गर्ने निकायको प्रयासले मात्र सम्पादन हुन नसक्ने कार्यहरूमा अन्तरसम्बन्धित निकायहरूको सहयोग आवश्यक पर्दछ। समग्र प्रगतिको विश्लेषण गर्दा देहायका विषयहरूमा अन्तरसम्बन्धित निकायहरूबाट अपेक्षित सहयोग प्राप्त हुन नसकेको देखिन्छ।
    - दातृ निकायबाट राय/सहमति प्राप्त गर्ने विषय
    - बहुवर्षीय आयोजना स्वीकृतिको विषय
    - जग्गा प्राप्तिको विषय
    - जनशक्ति आपूर्तिको विषय
    - विभिन्न विषयहरूमा रहेका विवाद समाधानका विषय
    - रुख कटान; सार्वजनिक, निजी एवम् वनक्षेत्रको जग्गा उपयोगको विषय

- नदी एवम् खानीजन्य निर्माण सामग्री प्राप्तिको विषय
- स्रोत सुनिश्चितता एवम् बजेट पर्याप्तताको विषय
- आयोजनाको रिडिजाइन गर्नुपर्ने, खरिद प्रक्रिया दोहोऱ्याउनु पर्ने, वातावरणीय परीक्षण/वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने विषय।

## ९. सुझावहरू

माथि उल्लेखित तथ्याङ्क एवम् विश्लेषण समेतबाट मन्त्रालय/निकायहरूले मुख्यत: निम्न विषयहरूमा ध्यान दिएमा कार्यसम्पादनलाई थप नतिजामुखी र परिणाममुखी बनाउन सक्ने देखिन्छः

(क) आर्थिक वर्षको प्रारम्भमै सम्पन्न हुने भनी तोकिएका विषयहरू सुरुसमेत हुन नसकेको स्थिति रहेकोले पछाडि कार्यचाप थपिन्छ तसर्थ त्यस्ता कार्यहरूलाई वैकल्पिक कार्ययोजना तयार गरी मूल कार्ययोजनामा असर नपर्ने गरी सम्पन्न गर्नुपर्दछ।

(ख) आयोजना/कार्यक्रम स्थलमा नगई वर्षात् या महामारीको समयमासमेत कार्यालयबाट सञ्चालन गर्न सकिने क्रियाकलापहरूको आधारभूत विषयहरू आ.व.को सुरुका महिनामै सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने समयमा कार्यचाप कम गर्दै कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गर्नुपर्छ।

(ग) बजेटमा घोषणा भएको विषयमा सम्बन्धित निकायले आवश्यक स्रोतको व्यवस्था तुरुन्त गर्नु पर्दछ वा स्रोत सुनिश्चितता हुने गरी कार्य अगाडि बढाउने सहमति प्रदान गर्नुपर्दछ। कार्यान्वयनका लागि स्रोत उपलब्ध नहुने अवस्थाको अन्त्य गर्न पूर्व मूल्याङ्कन गरेर मात्र कार्ययोजनामा समावेश गर्नु उपयुक्त हुन्छ।

(घ) स्रोत सुनिश्चितता र कम बजेटको समस्यालाई न्यून गर्न बजेट निर्माण गर्दा अनिवार्य दायित्वको रकम र विकास सहायताका कार्यक्रमहरूमा छुट्याउनुपर्ने, यस्तो बजेट छुट्याईएपछि मात्र नयाँ कार्यक्रम प्रस्ताव गरिएको/नगरिएको विषय राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले सुनिश्चित गर्नुपर्दछ। मध्यमकालीन खर्च संरचनाको प्रभावकारी कार्यान्वयन, बजेट अवण्डा राख्ने प्रवृत्तिमा नियमन, रकमान्तर, बजेट रोक्का तथा समर्पणजस्ता विषयहरूमा वित्तीय अनुशासन प्रवर्द्धन गर्दै निरन्तर सुधार गर्नुपर्दछ।

(ङ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ समेतले व्यवस्था गरेको राष्ट्रिय आयोजना बैंकको कार्यान्वयनलाई सुदृढ गर्नुपर्ने देखिएको छ। मन्त्रालय तथा निकायहरूले वार्षिक कार्यक्रमका रूपमा प्रस्ताव गर्ने कार्यक्रमहरूको स्वीकृतिको चरणमै स्रोत सुनिश्चितता गर्ने तथा स्रोत सुनिश्चितता/व्यवस्था नभएका तथा स्थान छनौटजस्ता पूर्वतयारी सम्पन्न नभएका आयोजना तथा कार्यक्रमहरूलाई वार्षिक रूपमा बजेट विनियोजन गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ।

(च) राय तथा सहमति प्रदान गर्नुपर्ने विषय यथाशीघ्र सम्पन्न गर्ने तथा सहमति प्रदान गर्न नसकिने भएमा समेत आफ्नो निकायको राय छिटो उपलब्ध गराउने र यस्तो विषयको Track Record राखी नियमन तथा सहजीकरण गर्ने निकायमा पठाउनु उपयुक्त हुन्छ। साथै सहमति प्रदान गर्ने निकायले समेत यस्ता विषयहरूको Track Record राख्नु पर्दछ।

(छ) मन्त्रालयले समस्या समाधानका लागि गरेका प्रयासहरू एवम् मातहतका निकायहरूलाई दिएका निर्देशनहरूको जानकारी माथिल्लो तहबाट अनुगमन गर्ने निकायहरू (जस्तैः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग आदि) लाई जानकारी दिनु उपयुक्त हुन्छ। यसबाट विषयवस्तुका सन्दर्भमा माथिल्लो निकायमा समेत जानकारी हुने तथा सो सम्बन्धमा एउटै बुझाइ रहने र संस्थागत अभिलेखसमेत रहन्छ।

(ज) आयोजना/कार्यक्रम कार्यान्वयमा देखिएका सम्बन्धित निकायबाट समाधान हुन नसक्ने समस्याहरूलाई यस कार्यालयको तत्काल समस्या समाधान केन्द्र एवम् सम्बन्धित विषयक्षेत्र हेर्ने महाशाखा/शाखामा जानकारी गराई समस्याको समाधानको पहल गर्नुपर्दछ।

(झ) सार्वजनिक व्यवस्थापन र सुशासनको क्षेत्रमा तत्काल सुधारको कार्ययोजना बनाई कार्यान्वयनमा लैजाने र वित्तीय व्यवस्थापनमा मौजुदा कानुनी व्यवस्थाको कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ।

(ञ) कार्यजिम्मेवारी निर्धारण गर्दा कार्यसम्पादन एवम् नेतृत्व मूल्याङ्कन गरी नतिजामा आधारित कार्यसम्पादन प्रणालीलाई संस्थागत गर्नुपर्दछ।

(ट) आयोजनाको निश्चित लक्ष्य हासिल नहुँदासम्म आयोजना प्रमुखको सरुवा नगर्ने, कानुनी व्यवस्थालाई व्यवहारिक बनाउने, भौतिक निर्माणमा निर्माण व्यवसायीको कार्यसम्पादन विश्लेषण गरी प्रत्येक निर्माण व्यवसायीलाई निश्चित संख्यामा मात्र ठेक्का दिने, छनौट भएका सबै आयोजनाको प्रभावकारी अनुगमन गर्ने र आयोजनाको कार्यान्वयनमा बाधा पुगेको देखिए तत्काल त्यसको सम्बोधन गर्ने गरेमा आयोजना समयमै सम्पन्न गर्न सहयोग पुग्ने देखिन्छ।

(ठ) अन्तर निकाय समन्वयको कमीले लक्ष्य हासिल हुन नसकेका क्रियाकलापहरूका लागि समन्वयको कार्य प्रभावकारी बनाउनु आवश्यक छ। अन्तर सम्बन्धित विषयहरूमा सम्बन्धित मन्त्रालय/निकायले आवश्यक पहल गर्ने र सहयोग गर्नुपर्ने निकायहरूले समेत प्राथमिकताका साथ सहयोग उपलब्ध गराउनु पर्दछ। यसका लागि आवश्यकताअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवम् सम्बन्धित नियमनकारी निकायहरूको समेत सहयोग लिनु उपयुक्त हुन्छ।